जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक २९५ • २०८२ साल चैत ११ गते बुधबार (25 March, Wednesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## चैती छठः आज उदाउँदो सूर्यलाई अर्घ्य

**टुडे समाचारदाता**

जनकपुरधाम । चैती छठ पर्व अन्तर्गत श्रद्धालुले अस्ताउँदो सूर्यलाई मंगलबार साँझ अर्घ्य अर्पण गरी पूजा अर्चना गरेका छन् ।

सूर्य उपवासना परम्पराको मोहक पद्धति मानिएको संसारमा छठ पर्व हो । यस पर्वमा अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिइ पूजाअर्चना गरिन्छ । चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने छठ पर्व पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सुनसरीलगायत तराई-मधेश-मिथिलाञ्चल भरिनै धूमधामका साथ मनाइँदै छ ।

सत्य तथा अहिंसाप्रति मानवको रुचि बढाउन र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको छ । सूर्यको उपवासना गरिने पर्वमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ । यस अवसरमा पोखरी, नदी, तलाउ र जलाशयमा श्रद्धालु भक्तजनको भीड लाग्ने गर्दछ । चार दिनसम्म मनाइने यस पर्वको पहिलो दिन मंगलबार व्रतालुहरूले 'नहाय खाय' अर्थात् नुहाएर खाने गर्दछ वा जीउ चोख्याउने काम गर्दछन् । यस अघि सोमबार चैती छठ अन्तर्गतको खरना विधि सम्पन्न भएको छ ।

खरनाको दिन व्रतालुहरूले दिनभरि उपवास निराहार बसेर राति छठी मातालाई आगमनको निम्तो दिँदै कुल देवताको पूजा गरेका थिए र राति अरवा अरबाइन (विना नुन हालेका) खानेकुरा खाएका थिए । त्यस्तै तेस्रो दिन मंगलबार साँझ गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटिएर बनाइएको पीठोबाट विभिन्न परिकारसहितका ठकुवा, खजुरिया, पेरुकिया जस्ता पकवान र विभिन्न फलफूल तथा मूला, गाजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, ठूलो ढक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवम् लोकगीत गाउँदै निर्धारित जलाशय नजिक बनाएको छठ घाटसम्म पुग्छन् । षष्ठीका दिन व्रतीले सन्ध्याकालीन अर्घ्यका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दूर लगाएर अक्षता फूल हालेर अन्य अर्घ्य सामग्री पालैपालो गरी अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्नेछन् ।

बुधबार एकाबिहानै छठ घाटमा पुगेर जलाशयमा पसेर प्रातः कालीन उदाउँदो सूर्यलाई अर्घ्य दिइ छठ पर्व सम्पन्न हुनेछ ।

### काठमाण्डु-रक्सौल रेलको डीपीआर तयार

## साढे ४ खर्ब रुपैयाँ अनुमानित खर्च, १३६ मध्ये ४२ किमि सुरुङ

**टुडे समाचारदाता**


काठमाण्डु । नेपाल-भारतबीच बहुप्रतिक्षित रक्सौल-काठमाण्डु रेलमार्ग परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भएको छ । भारतीय रेल मन्त्रालयले १३६ किलोमिटर लामो प्रस्तावित रेलमार्गको 'फाइनल लोकेसन सर्भे' सम्पन्न गर्दै डीपीआर तयार गरेको जनाएको छ ।

उक्त परियोजना स्वीकृतिका लागि सरोकारवाला निकायहरूसंग परामर्श, नीति आयोग तथा अर्थ मन्त्रालयबाट मूल्यांकन र स्वीकृति आवश्यक हुनेछ ।

सन् २०१८ अप्रिल ७ मा नेपाल-भारतबीच रेल कनेक्टिभिटी विस्तार गर्ने संयुक्त घोषणा गरिएको थियो । सोही सहमति अनुसार भारतको लगानीमा विद्युतीय रेलमार्ग निर्माण गर्ने योजना अघि बढाइएको छ ।

पछिल्लो समय दुवै देशबीच ट्रान्जिट सन्धि संशोधनका लागि 'लेटर अफ एक्सचेञ्ज' समेत आदान-प्रदान भइसकेको छ । जसले जोगबनी-विराटनगर खण्डमा रेलमार्फत मालसामान ढुवानी सहज बनाउने अपेक्षा गरिएको छ ।

उक्त परियोजनाको अनुमानित लागत करिब साढे ४ खर्ब रुपैयाँ (करिब ३ अर्ब अमेरिकी डलर) सम्म पुग्ने आँकलन गरिएको छ । तर यसको वित्तीय प्रतिफल दर ४.८१ प्रतिशत मात्र देखिएको छ । जुन नेपालका बैंक ब्याजदरभन्दा कम भएकाले परियोजनाको आर्थिक व्यवहारिकता माथि समेत प्रश्न उठेको छ । सो लागत उठाउन करिब २५ वर्ष




रक्सौल › वीरगञ्ज › बेलुवा › मनहर्वा › सपही बजार › निजगढ › धियाल › शिखरपुर › सिस्नेरी › सतिखेल › खोकना

लाग्ने अनुमान गरिएको छ ।

आर्थिक प्रतिफल दर भने १४.३ प्रतिशत रहेकोले उक्त परियोजनाले दीर्घकालीन आर्थिक लाभ दिने विश्लेषण गरिएको छ ।

कोंकण रेल्वे कर्पोरेशन लिमिटेडले तयार पारेको अध्ययन अनुसार उक्त रेल्वेको रुटको कूल लम्बाई १३६ किलोमिटर हुने जनाइएको छ । सो रुटमा करिब ४२ किलोमिटरको सुरुङमार्ग रहने छ । त्यस्तै ठूला पुल १२४ वटा रहने अनुमान सो परियोजनामा गरिएको छ ।

ब्रोडगेज रुट निर्माण भएपछि सो रुटमा अधिकतम प्रतिघण्टा १२० किलोमिटरको गतिमा रेल कुदाउन सकिने छ । रेलमार्ग रक्सौलबाट शुरु भएर जितपुर, निजगढ, शिखरपुर, सिस्नेरी, साठीखेल हुँदै काठमाण्डुको चोभारसम्म पुग्ने प्रस्ताव गरिएको छ ।

नेपालले देशभर 'स्ट्यान्डर्ड गेज' मा रेल विकास गर्ने नीति लिएको भए पनि भारतले आफ्नो प्रविधि र अनुभवका कारण 'ब्रड गेज' प्रस्ताव गरेको छ । यस विषयमा दुवै देशबीच अझै सहमति हुन सकेको छैन ।

नेपालले परियोजनालाई अनुदान सहयोगमा निर्माण गर्न भारतसंग अनुरोध गर्दै आएको छ । यसका साथै परियोजनालाई आर्थिक रूपमा व्यवहारिक बनाउन कार्गो ढुवानीलाई प्राथमिकता दिने रणनीति पनि अघि सारिएको छ ।

पूर्व रेल विभागका पूर्वमहानिर्देशक रोहित बिसुरालले जनाए अनुसार यात्रु सेवा मात्र पर्याप्त नहुने भएकाले मालसामान ढुवानीलाई जोड दिनुपर्छ । यसले नेपालमा सस्तो आयात सम्भव बनाउने र भारतीय बन्दरगाहमार्फत तेस्रो मुलुकसंगको व्यापार सस्तो हुने अपेक्षा गरिएको छ ।

हाल परियोजनाको अन्तिम लगानी मोडालिटी, निर्माणमा भारतको भूमिका र समयरेखा निर्धारण हुन बाँकी नै रहेको छ । दुवै देशबीच प्राविधिक सहकार्य, क्षमता विकास र रेल पूर्वाधार विस्तारमा सहमति क्रमशः हुँदै गएको जनाइएको छ ।

रक्सौल-काठमाण्डु रेलमार्ग परियोजना सफल कार्यान्वयन भएमा सो नेपाल-भारतबीचको पहिलो प्रत्यक्ष राजधानी जोड्ने रेल सञ्जाल बन्नेछ । जसबाट व्यापार, पर्यटन र समग्र आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

गत शुक्रबार राज्यसभालाई सम्बोधन गर्दै भारतीय रेल्वे मन्त्री अश्विनी वैष्णवले रक्सौल (भारत-काठमाण्डु) जोड्ने रेलमार्गको अध्ययन पूरा भएको जानकारी दिएका छन् ।

त्यसपछि नेपालमा पनि काठमाण्डु-रक्सौल रेल्वेबारे चर्चा चुलिएको छ । यस रेल्वे निर्माणबाट नाफा हुने भनिए पनि बिजलपुरा-कुर्था-जनकपुरधाम-जयनगरसम्म जनकपुरधामबाट सञ्चालन भइरहेको नेपाल रेल्वे अझैसम्म पनि घाटामै रहेको छ । यात्रुले खचाखच भरिए पनि आम्दानी भने सोचे जस्तो नहुँदा रेल सञ्चालनमाथि पनि पटकपटक प्रश्न उठ्ने गरेको छ ।

## एसइई परीक्षाः मधेशबाट ८७ हजारभन्दा बढी विद्यार्थी सहभागी हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । यही चैत १९ गतेबाट शुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) का लागि मधेश प्रदेशमा आन्तरिक तयारी थालिएको छ । यस वर्ष मधेश प्रदेशभरबाट ८७ हजार ५९१ जना विद्यार्थी परीक्षामा सहभागी हुने भएका छन् ।

शिक्षा विकास निर्देशनालय मधेश प्रदेशले जनाए अनुसार एसइई परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन प्रदेशभर २ ९९ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ । ती केन्द्रहरूमा एक हजार ३१६ विद्यालयका विद्यार्थी सहभागी हुने भएका छन् ।

परीक्षा सञ्चालनलाई प्रभावकारी बनाउन जनशक्ति व्यवस्थापनसमेत व्यापक रूपमा गरिएको छ । निर्देशनालयले जनाए अनुसार २९९ जना केन्द्राध्यक्ष, ४३३ जना सहायक केन्द्राध्यक्ष, चार हजार २३५ जना निरीक्षक, ७३४ जना परीक्षा सहायक तथा एक हजार ६०३ जना कार्यालय



सहयोगी परिचालन गरिनेछ । यसका साथै सुरक्षाको दृष्टिले चार हजार ४८५ जना सुरक्षाकर्मी खटाइने व्यवस्था गरिएको छ ।

जिल्लागत विवरण अनुसार धनुषा जिल्लाबाट सबैभन्दा बढी १३ हजार २६२ विद्यार्थी परीक्षामा सहभागी हुने भएका छन् । यहाँका २०३ विद्यालयका विद्यार्थी एसइईमा सहभागी हुने भएका छन् । त्यस्तै सबैभन्दा कम सप्तरी जिल्लाबाट सहभागी हुने भएको छ । सप्तरीबाट १६२ विद्यालयका नौ हजार २७६ विद्यार्थीले परीक्षामा सहभागी हुने छन् ।

त्यस्तै सिरहा जिल्लाबाट ११ हजार ३८, महोत्तरी जिल्लाबाट ११ हजार ३५१, सर्लाही जिल्लाबाट ११ हजार ३७१, रौतहट जिल्लाबाट नौ हजार ७७७, बारा जिल्लाबाट १० हजार ८१३ तथा पर्सा जिल्लाबाट १० हजार ७०३ विद्यार्थी सहभागी हुने भएका छन् ।

शिक्षा निर्देशनालयको तथ्याङ्क अनुसार अघिल्लो वर्षको तुलनामा यस वर्ष सहभागी परीक्षार्थीको संख्या घटेको छ । गत वर्ष ८८ हजार ८५८ परीक्षार्थी एसइईमा सहभागी भएका थिए भने यस वर्ष एक हजार २६७ जना कम सहभागी भएका छन् । शिक्षा विकास निर्देशनालय जनकपुरका निर्देशक महेन्द्र महतोले जनाए अनुसार परीक्षाको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको छ । उनले परीक्षा मर्यादित, अनुशासित र निष्पक्ष बनाउन आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला परीक्षा समन्वय समितिमार्फत नियमित अनुगमन गरिने बताए ।

त्यस्तै मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र लगायतका निकायको समन्वयमा प्रदेशस्तरीय अनुगमन टोली गठन गरी परीक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाइने तयारी गरिएको पनि निर्देशक महतोले बताए ।

मधेश प्रदेशभर उच्च सतर्कताका साथ परीक्षा सञ्चालन गर्ने तयारी भइरहेको र कुनै पनि किसिमको अनियमितता हुन नदिन कडा निगरानी गरिने सम्बन्धित निकायले जनाएको छ ।

## अमृतको रिहाइका लागि गुहार माग्दै परिवारजन


**टुडे समाचारदाता**

जनकपुरधाम । इरानी सेनाको कब्जामा रहेका ३३ वर्षीय अमृत झाको सकुशल रिहाइका लागि पहल गरिदिन उनको परिवारले सरकारसंग आग्रह गरेको छ ।

उदयपुरको त्रियुगा नगरपालिका-११ का ३३ वर्षीय अमृत झा इरानको ब्ल्याक सी मरिन एलएलसी कम्पनीमा कार्यरत छन् । उनी पानी जहाजका चालकको भूमिकामा छन् ।

दुबईबाट इरानतर्फ इन्धन लिन गएको र फर्किने क्रममा उनलाई इरानी सेनाले बठदर अब्बाबसबाट पक्राउ गरेको अमृतकी दिदी पूजा झाले जानकारी दिइन् ।

अमृतलाई हाल स्ट्रेट आफ होरमुज नजिक इरानको सुरक्षा निकायद्वारा पक्राउ परेका भन्ने जानकारी प्राप्त भएको पूजाले बताइन् । परराष्ट्र मन्त्रालयको कन्सुलर विभागमा दिएको



निवेदनमा अमृतलाई बठदर अब्बास करागारमा राखिएको दाबी गरिएको छ ।

अमृत झाका परिवारजनले सोमबार यही विषयलाई लिएर परराष्ट्रमन्त्री बलानन्द शर्मा र सचिव अमृतबहादुर राईसंग भेटेका थिए ।

भेटघाटका क्रममा अमृतका भिनाजु राजेशकुमार झाले तेल ढुवानी गरेर फर्किने क्रममा इजरायल-अमेरिका आक्रमणपछिको तनावका कारण सो क्षेत्रमा अवस्था जटिल भइ झालाई नियन्त्रणमा लिएको बुझिएको बताए ।

पक्राउपछि अमृतको सुरक्षा अवस्थाबारे कुनै स्पष्ट जानकारी प्राप्त हुन नसकेको विषयलाई उनले मन्त्री शर्मा र सचिव राई समक्ष राखेका थिए । जबाफमा मन्त्री शर्माले आफू अब एकदुई दिनमात्र बहाल रहने भन्दै अब बन्ने सरकारले नै यी सबै समस्या सम्बोधन गर्ने प्रस्ट पारे ।

यता परराष्ट्र मन्त्रालयले आफ्ना नियोगमार्फत अमृतको अवस्थाबारे बुझ्ने प्रयास जारी राखेको उनले जानकारी दिए ।

सचिव राईले पनि सम्पूर्ण सूत्रबाट अमृतको रिहाइका लागि पहल भइरहेको बताए ।

अमृत झाको सुरक्षा, स्वास्थ्य तथा यथाशीघ्र रिहाइ सुनिश्चित गर्न इरानसँग कूटनीतिक माध्यमबाट तत्काल पहल गरिदिन परिवारजनले माग गरेका छन् ।



# विश्वमा एक करोड सात लाखमा सक्रिय क्षयरोगी, नेपालका ४२ प्रतिशत उपचार बाहिर

भक्तपुर । 'हो ! हामी क्षयरोग अन्त्य गर्छौं: राष्ट्रिय अभियान, हाम्रो योगदान' नाराका साथ विविध चेतनामूलक कार्यक्रमका साथ देशका विभिन्न भागमा क्षयरोग दिवस मनाइएको छ।

सन् २०३५ सम्ममा क्षयरोग महामारी अन्त्य गर्ने र सन् २०५० सम्ममा देशलाई क्षयरोग मुक्त बनाउने लक्ष्य हासिल गर्न सबैले आ-आफ्नो क्षेत्रबाट आफ्नो जिम्मेवारी पूरा गर्ने प्रतिबद्धताका साथ यो दिवस मनाइएको राष्ट्रिय क्षयरोग केन्द्रका ३९ प्रतिशत महिला, ६१ प्रतिशत पुरुष र ५.६ प्रतिशत १५ वर्षमुनिका बालबालिका रहेका बताउनुभयो। क्षयरोग नियन्त्रणका लागि सरकारले ६ हजार २४१ स्वास्थ्य संस्थामा क्षयरोग उपचार सेवा सञ्चालन गरेको जानकारी दिदै उहाँले ७८५ संस्थामा निर्दिष्ट माइक्रोस्कोपी सेवा र १४२ संस्थामा द्रुत परीक्षण सेवा निःशुल्क रूपमा सञ्चालन भइरहेको बताउनुभयो।



निर्देशक डा. भुवन पौडेलले राससलाई जानकारी दिनुभयो।

मुलुकमा अझै पनि ४२ प्रतिशत क्षयरोगी उपचार बाहिर रहेका बताउँदै उहाँले अधिकांश बिरामीमा रोग लुकाउने, परीक्षण नगर्ने बरू उनीहरूबाट रोग सर्ने प्रवृत्ति देखिएको, प्रविधिको प्रयोग गर्न नसक्दा परीक्षणमा पनि समस्या भएको बताउनुभयो। आर्थिक वर्ष २०८१/८२ मा औषधि-संवेदनशील क्षयरोगका ३९ हजार १५१ जना नयाँ बिरामी पहिचान भएका जानकरी दिदै उहाँले त्यसमध्ये

औषधि-प्रतिरोधी क्षयरोग उपचारका लागि ३१ केन्द्र र ९८ उपकेन्द्र सञ्चालन रहेको तथा १४९ स्थानीय तहमा 'क्षयरोगमुक्त नेपाल अभियान' विस्तार गरिएको, नौ वटा एआई जडित डिजिटल एक्स-रे सञ्चालन गरि क्षययोगका परीक्षण गरिरहेको जानकारी दिनुभयो। विश्वमा प्रत्येक वर्ष एक करोड सात लाखमा सक्रिय क्षयरोग रहेको जानकारी दिदै उहाँले जसमा १२ लाख ३० हजारको क्षयरोगकै कारण मृत्यु हुने गरेको विश्व स्वास्थ्य संगठनको तथ्यांकमा रहेको छ।रासस

# संविधानसभापछि सिंहदरबार फर्कंदै संसद्

काठमाण्डु । मुलुकमा संविधानसभा सदस्यको निर्वाचनपछि २०६५ जेठदेखि सिंहदरबारभन्दा बाहिर बस्दै आएको संसद् अधिवेशन १७ वर्षपछि सिंहदरबारमै बस्न लागेको छ । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनपछि संसद् बैठक अब सिंहदरबारस्थित निर्माणाधीन आफ्नै भवनमा बस्न लागेको हो। सोही भवनमा प्रतिनिधिसभाका नवनिर्वाचित २७५ सदस्यको शपथ यही चैत १२ गते दिउँसो २ बजेका लागि तय भएको छ।

विसं २०६४ चैत २८ गते भएको निर्वाचनबाट ६०१ सदस्यीय संविधानसभा गठन भएपछि पुरानो संसद् (ग्यालरी बैठक) भवन साँघुरो भएकाले संसद्को अधिवेशन नयाँ बानेश्वरस्थित अन्तरराष्ट्रिय सम्मेलन केन्द्रमा बस्दै आएको थियो । संविधानसभा अघिसम्म भने संसद् बैठक सिंहदरबारस्थित पुरानो संसद् (ग्यालरी बैठक) भवनमा बस्दै आएको थियो । विसं २०१६ देखि प्रारम्भ भएको नेपालको संसदीय इतिहास त्यहीँ भवनबाट सुरु भएको थियो।

गत भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा आगलागीबाट बानेश्वरस्थित अन्तरराष्ट्रिय सम्मेलन केन्द्रको भवन ध्वस्त भएको थियो । राष्ट्रियसभाको बैठक भने यसअघि गत माघ ४ गतेदेखि नै अस्थायी रुपमा सिंहदरबारस्थित कृषि समितिको बैठक कक्षमा बस्दै आएको छ।



सङ्घीय संसद सचिवालयले संविधानसभा बैठकका लागि २०६५ जेठदेखि भाडा र कर्मचारी परिचालनसहित वार्षिक रु पाँच करोड ६० लाख तिर्ने गरी अन्तरराष्ट्रिय सम्मेलन केन्द्र विकास समितिसँग सम्झौता गरेको थियो । समितिका वरिष्ठ कार्यक्रम संयोजक दीपेन्द्रविक्रम सिंहका अनुसार उक्त भाडा प्रत्येक वर्ष १० प्रतिशतले वृद्धि भई पछिल्लो समय गत असोजसम्म पुग्दा वार्षिक रु १६ करोड ५० लाख पुगेको थियो।

सचिवालयले संसदीय गतिविधिका लागि समितिको १५३ रोपनी क्षेत्रफलमा रहेका मुख्य सभा हलसहित आठ विभिन्न हल, विशिष्ट कक्ष, पार्किङ, बगैँचालगायत प्रयोग गर्दै आएको संयोजक सिंहले बताउनुभयो । जेनजी आन्दोलनपछि संसद् सचिवालयले सूचना प्रकाशित गरी गत असोजदेखि एकतर्फी रुपमा उक्त सम्झौता रद्द गरेको छ।

तत्काल संसद् बैठक सिंहदरबारस्थित निर्माणाधीन संसद् भवनको मुख्य हल निर्माण हुन केही समय लाग्ने भएपछि सङ्घीय संसद् सचिवालयले बहुउद्देश्यीय हल तत्कालका लागि प्रयोग गर्ने जनाएको छ । सचिवालयका प्रवक्ता सहसचिव एकराम गिरीले शपथ ग्रहण र प्रारम्भिक बैठकका लागि वैकल्पिक हलको व्यवस्था गरिएको जानकारी दिनुभयो । मुख्य हल तयार हुन केही समय लाग्ने भएपछि तत्कालका लागि वैकल्पिक व्यवस्था गरिएको उहाँको भनाइ छ।

निर्वाचन आयोगबाट अन्तिम मतपरिणाम सार्वजनिक भएपछि प्रतिनिधिसभा बैठक बोलाउने गरी तयारी थालिएको हो। त्यसका लागि प्रतिनिधिसभाका नवनिर्वाचित ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीलाई बुधबार राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालय शीतल निवासमा शपथ गराउनुहुने कार्यक्रम तय भएको छ।

त्यसैगरी, ज्येष्ठ सदस्य केसीले यही चैत १२ गते प्रतिनिधिसभाका नवनिर्वाचित सबै सदस्यहरुलाई नयाँ संसद् भवनमा शपथ गराउनुहुने प्रवक्ता गिरिले बताउनुभयो । नेपालको संविधानको धारा, ९३ अनुसार राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नुपर्छ।

नयाँ संसद् भवन सिंहदरबार स्थित पुतली बगैँचामा २०७६ असोज १ गते शिलान्यास गरिएको थियो । शहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक तथा आयोजना निर्देशक रोशन श्रेष्ठका अनुसार भवनको अधिकांश काम सम्पन्न भइसकेको छ भने केही प्राविधिक काम बाँकी छ।

विभागका अनुसार संसद् भवनको सिभिल निर्माणतर्फ करिब रु पाँच अर्ब ५० देखि ६० करोड हाराहारी खर्च हुने अनुमान छ भने 'इन्टेरियर' निर्माणका लागि थप रु दुई अर्ब ३४ करोड लागत रहेको छ । करिब १५१ रोपनीभन्दा बढी क्षेत्रफलमा निर्माण भइरहेको नयाँ संसद् भवन तयार भएपछि सङ्घीय संसद्का सम्पूर्ण गतिविधि यही नयाँ संरचनाबाट सञ्चालन हुनेछन्।

यसमा प्रतिनिधिसभा र राष्ट्रियसभाका भवन, अतिविशिष्ट कक्ष र अन्य कार्यालयलगायत १२ भवन हुनेछन् । संसद् भवनभित्र मुख्य भवन आठ छन्। भवनभित्र ३५० सिट क्षमताको संयुक्त 'लबी' हुनेछ भने सानाठूला गरी १० संसदीय दलका कार्यालय हुनेछन् । साथै चार अतिरिक्त विशिष्ट कक्ष, दुई संसद् सचिवालय भवन, संसद् 'लाइब्रेरी'लगायत संरचना निर्माण गरिएका छन्।रासस

# छुट्टाछुट्टै सवारी दुर्घटना, दुई जनाको मृत्यु

**टुडे समाचारदाता**

बारा। बाराको जीतपुर सिमरा उपमहानगरपालिकामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी एक जना पूर्वशिक्षकसहित दुई जनाको मृत्यु भएको छ। तीव्र गति र सडक सुरक्षामा गरिएको लापरबाहीका कारण पछिल्लो समय दुर्घटना बढ्दै गएका छन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढले जनाए अनुसार रौतहटको संग्रामपुर घर भइ जीतपुरसिमरा-२ मा ठक्करबाट गम्भीर घाइते भएका शर्मालाई उपचारका लागि वीरगन्जस्थित मेडिसिटी अस्पताल लगिएकोमा उपचारकै क्रममा मृत्यु भएको छ। प्रहरीले ठक्कर दिने ट्र्याक्टरका चालक १७ वर्षीय सन्देश कुशवाहा र सवारी साधनलाई नियन्त्रणमा लिएको छ।

यसैबीच आइतबार राति भएको अर्को दुर्घटनामा बसको ठक्करबाट अर्का एक मोटरसाइकल चालकको मृत्यु भएको छ। जीतपुरसिमरा-२२ मा बा. प्र. ०१-००६ ख.



बसोवास गर्दै आएका ६२ वर्षीय सेवानिवृत्त शिक्षक केदारप्रसाद शर्माको सडक दुर्घटनामा ज्यान गएको छ। उपमहानगरपालिकाको वडा नम्बर-१५ स्थित रजघट्टाबाट डुमरवानातर्फ जाँदै गरेका दुई वटा ट्र्याक्टर एकापसमा ओभरटेक गर्ने क्रममा दुर्घटना भएको छ। ना. ७ त. ५२५६ नम्बरको ट्रैक्टरले सोही दिशामा मोटरसाइकल चलाइरहेका शर्मालाई मंगलबार बिहान ठक्कर दिएको प्रहरी निरीक्षक दीपक केसीले जानकारी दिए। उनले दिएको जानकारी अनुसार ९९७७ नम्बरको बसले विपरीत दिशाबाट आउँदै गरेको प्र. ३-०२-०१३ प. ३०२१ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा गोरखाका ३५ वर्षीय रामकुमार कोइरालाको ज्यान गएको जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढले जनाएको छ।

यसरी निरन्तर रुपमा भइरहेका सवारी दुर्घटनाले सडक सुरक्षा व्यवस्थापनमा थप कडाइ आवश्यक देखिएको स्थानीयहरु बताउँछन्। बारा प्रहरीले दुवै दुर्घटनाबारे थप अनुसन्धान गरी कानुनी प्रक्रिया अगाडि बढाएको जनाएको छ।

# समपूरक र विशेष अनुदान लिन तीन हजार पाँच सय आयोजना प्रस्ताव

काठमाण्डु । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घीय सरकारबाट समपूरक र विशेष अनुदान लिन प्रदेश र स्थानीय तहबाट करिब तीन हजार ५०० आयोजनाको प्रस्ताव परेको छ।

राष्ट्रिय योजना आयोगका अनुसार स्थानीय तहबाट तीन हजार ३५८ र प्रदेशबाट १४० आयोजना तथा कार्यक्रमको प्रस्ताव परेको हो । आयोगले आगामी आवका लागि सङ्घीय समपूरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि गत माघ मसान्तभित्र प्रस्ताव पेस गरिसक्न भनेको थियो।




आयोगका सहायक प्रवक्ता डा दिवाकर लुइँटेलका अनुसार हाल आयोगमा प्राप्त योजना तथा कार्यक्रमको लागत अनुमान तथा विश्लेषण र छनोट भइरहेको छ । "समपूरक र विशेषअनुदानका लागि प्राप्त बजेट सिलिङ र प्राप्त योजना तथा कार्यक्रमको आवश्यकता, कार्यान्वयन पूर्वतयारी, आवश्यक कागजातलगायतका विवरण अध्ययन भइरहेका छन्", उहाँले रासससँग भन्नुभयो ।आयोगका अनुसार आगामी आर्थिक वर्षका लागि यी शीर्षकको अनुदान लिन दुई हजार ८२० नयाँ र ६७८ वटा क्रमागत योजना तथा कार्यक्रमको प्रस्ताव परेको छ । नयाँ योजना तथा कार्यक्रमतर्फ विशेष अनुदान लिन एक हजार ४६४ र समपूरक अनुदान लिन एक हजार ३५६ वटा प्रस्ताव परेका छन्।

त्यसैगरी क्रमागत आयोजना तथा कार्यक्रमका लागि विशेषतर्फ २२० र समपूरकतर्फ ४५८ आयोजनाको प्रस्ताव परेको आयोगले जनाएको छ ।योजना आयोगले प्रदेश र स्थानीय तहसँग यी शीर्षकमा अनुदान लिनका लागि योजना तथा कार्यक्रम माग गर्दा समपूरक अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ र विशेष अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को प्रावधानभित्र रही प्रस्ताव पेस गर्न भनेको थियो । जसअनुसार प्रदेश र स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रस्ताव पेस गर्न भनिएको थियो।

प्रदेशको हकमा सम्बन्धित प्रदेश नीति तथा योजना आयोगले तयार पारेको प्राथमिकीकरणसहितको सिफारिस तथा प्रदेश सरकारको सिफारिस र स्थानीय तहको हकमा कार्यपालिकाबाट सिफारिस पनि अनिवार्य गरिएको छ । समपूरक र विशेष अनुदानका लागि आयोगको विद्युतीय सूचना व्यवस्थापन प्रणालीमार्फत प्राप्त प्रस्तावलाई मात्र हेरिने आयोगले जनाएको छ।

कार्यविधिअनुसार यी शीर्षकमा अनुदान लिन आयोजनाको सम्भाव्यता अध्ययन, 'ड्रइङ', 'डिजाइन', 'स्पेसिफिकेसन'सहितको विस्तृत विवरणको लागत अनुमान पेस गर्नुपर्ने हुन्छ । वातावरणीय अध्ययन प्रतिवेदनलगायतका कागजात आवश्यक हुन्छ। रासस

# बागमती नदिमा माछा मार्न गएका स्याङतान तीन दिनपछि मृत फेला



**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रपुर नगरपालिका-१ नुनथरस्थित बागमती नदीमा डुबेर बेपत्ता भएका एक व्यक्तिको शव तीन दिनपछि फेला परेको छ।

सर्लाहीको बागमती नगरपालिका-४ नयाँबस्ती निवासी करिब ४० वर्षीय कामी सिंह स्याङतान चैत ७ गते बिहान करिब साढे १० बजेतिर माछा मार्ने क्रममा नदीमा डुबेर बेपत्ता भएका थिए। घटनालगत्तै उनका भतिजो कान्छा लामाले प्रहरीलाई खबर गरेका थिए।

सूचना प्राप्त हुनासाथ प्रहरी चौकी पौराईबाट टोली खटिएको थियो भने इलाका प्रहरी कार्यालय चन्द्रपुरबाट डिएसपी रुपा लाबुङको नेतृत्वमा थप खोजी अभियान सञ्चालन गरिएको थियो।

खोजी कार्यमा चपुरस्थित नेपाली सेना, सशस्त्र प्रहरी बल सन्तपुर क्याम्प र इलाका प्रहरी कार्यालय कर्मैया, सर्लाहीको समेत संयुक्त सहभागिता रहेको थियो।

चैत ८ र ९ गते लगातार डुंगा प्रयोग गरी बागमती नदीमा व्यापक खोजी गरिएको थियो। सोही क्रममा मंगलबार बिहान नुनथर झोलुङ्गे पुलभन्दा करिब १०० मिटर उत्तरतर्फ नदीमा स्याङतानको शव तैरिरहेको अवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ।

फेला परेको शव संयुक्त सुरक्षा टोलीले डुंगाको सहायताले बाहिर निकाली पोस्टमार्टमका लागि चन्द्रनिगाहपुर सरकारी अस्पताल पठाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** आज जीवनले फेरि एउटा मौका दिने दिन जस्तो देखिन्छ।
**वृष :** ठुलो परिवर्तन नदेखिए पनि भित्रभित्रै प्रगति भइरहेको हुनेछ।
**मिथुन :** आज कुनै न कुनै रुपमा चर्चाको केन्द्र बन्न सक्नेछन्।
**कर्कट :** आज भावनात्मक रुपमा केही भारी महसुस हुन सक्छ।
**सिंह :** नेतृत्व गर्ने अवसर आउनेछ, तर साथ दिने मानिसहरु कम हुन सक्छन्।
**कन्या :** दिनको सुरुवात अलि तनावपूर्ण देखिए पनि अन्त्य सकारात्मक रहनेछ।
**तुला :** आज सम्बन्धमा विशेष मोड आउने दिन हो।
**वृश्चिक :** गोप्य रुपमा गरेको प्रयास सफल हुने दिन हो।
**धनु :** परिवर्तनको संकेत बलियो देखिएको छ।
**मकर :** मेहनतको फल पाउने समय नजिकिएको छ।
**कुम्भ:** सिर्जनात्मक ऊर्जा उच्च रहनेछ।
**मीन:** आज परिवार र भावनामा केन्द्रित दिन रहनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# चैत २० देखि अन्तरराष्ट्रिय महिला उद्यमी व्यापार मेला

काठमाण्डु । नवौं अन्तरराष्ट्रिय महिला उद्यमी व्यापार मेला यही चैत २० देखि २२ गतेसम्म आयोजना हुने भएको छ ।

महिला उद्यमशीलता प्रवर्द्धनका लागि महिला उद्यमी महासङ्घ नेपालद्वारा आयोजना हुने तीनदिने मेला ललितपुरको हेरिटेज गार्डेनमा सञ्चालन हुनेछ । मंगलबार आयोजित पत्रकार सम्मेलनमा महासङ्घका अध्यक्ष दर्शना श्रेष्ठका अनुसार मेलामा सातै प्रदेशका महिला उद्यमीहरूले आफ्ना मौलिक उत्पादनहरू प्रदर्शन गर्नेछन् । मेलामा तीन सय महिला उद्यमीले एक सय ४० स्टलमार्फत आफ्ना उत्पादन प्रदर्शन तथा बिक्री गर्ने उहाँले जानकारी दिनुभयो । प्रदर्शनीमा हस्तकला, ढाका, गलैंचा, हातेकागज, जैविक खाद्यपदार्थ, जडीबुटी, कृषिजन्य उत्पादन, गरगहना तथा सेवा क्षेत्रसँग सम्बन्धित सामग्री राखिनेछ ।

कोशी प्रदेशबाट अल्लो, बाँस तथा प्राकृतिक रेसाजन्य सामग्री, मधेसबाट मिथिला आर्ट, बागमतीबाट डेरी तथा हस्तकला, गण्डकीबाट जडीबुटी तथा ढाका, लुम्बिनीबाट परम्परागत खाद्यवस्तु, कर्णालीबाट राडीपाखी र सुदूरपश्चिमबाट गलैंचा तथा काठका सामग्री प्रदर्शन गरिने आयोजकले जनाएको छ । "महासङ्घले विगत २३ वर्षदेखि महिला उद्यमशीलताको विकास र प्रवर्द्धनका लागि काम गर्दै आएको छ", अध्यक्ष श्रेष्ठले भन्नुभयो, "यस वर्षको मेलामा देशभरका ग्रामीण तथा सहरी क्षेत्रका सफल महिला उद्यमीहरूलाई पहिचान, प्रोत्साहन र उत्साह अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ ।"

मेलामा भारत, चीन, कोरिया र भुटानका महिला उद्यमीहरूले पनि आफ्ना उत्पादनहरू प्रस्तुत गर्ने उहाँले जानकारी दिनुभयो । यसले नेपाली उत्पादनलाई अन्तरराष्ट्रिय बजारसँग जोड्न सहयोग पुग्ने अपेक्षासमेत गरिएको छ । अध्यक्ष श्रेष्ठका अनुसार मेलाका आकर्षणहरूमा 'र्‍याम्प वाक', समूहगत छलफल, कार्यशाला, डिजिटलाइजेशन तालिम र वित्तीय साक्षरतालगायत कार्यक्रम समावेश छन् । मेलामा करिब रु दुई करोड बराबरको कारोबार हुने तथा ५० हजारभन्दा बढीले अवलोकन गर्ने अनुमान रहेको छ ।रासस

# लामिछानेको रिट 'हेर्दाहेर्दै' मा बिहीबार सुनुवाइ हुने



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्धको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण कसुर संशोधनविरुद्धको रिट निवेदनमा बिहीबार सुनुवाइ हुने भएको छ । सर्वोच्च अदालतमा आज सुनुवाइ नसकिएपछि हेर्दाहेर्दैमा बिहीबारका लागि सुनुवाइ हुने भएको अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिनुभयो ।

न्यायाधीशद्वय विनोद शर्मा र अब्दुल अजीज मुसलमानको संयुक्त इजलासमा मङ्गलबारदेखि सुनुवाइ सुरू भए पनि हेर्दाहेर्दैमा आजका लागि राखिएको थियो ।

न्यायाधीशद्वय सारङ्गा सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले यही चैत ५ गते लामिछानेविरुद्ध सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराध मुद्दा फिर्ता लिने महान्यायाधिवक्ताको संशोधित निर्णय पेस गर्न आदेश गरेको थियो ।

यसअघि, सर्वोच्च अदालतका न्यायाधीशद्वय सपना प्रधान मल्ल र श्रीकान्त पौडेलको संयुक्त इजलासले उक्त निवेदनलाई नियमित सुनुवाइ गर्न यही चैत १ गतेका लागि पेस गर्न आदेश दिएको थियो ।

महान्यायाधिवक्ता सविता भण्डारी बरालले लामिछानेविरुद्ध अघिल्लो सरकारको पालामा लगाइएका सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधका मुद्दा फिर्ता गर्ने निर्णय गर्नुभएको थियो । उक्त निर्णयविरुद्ध युवराज पौडेल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता आभास रेग्मीले सर्वोच्च अदालतमा छुट्टाछुट्टै रिट निवेदन दायर गर्नुभएको थियो ।रासस

# शिक्षा समितिले गरेका निर्णय कार्यान्वयनको समीक्षा



काठमाण्डु । काठमाडौँ महानगरपालिकाले२०७४सालपछि शिक्षा समितिले गरेका निर्णय कार्यान्वयनको समीक्षा थालेको छ । समितिका अध्यक्ष एवं कार्यवाहक महानगर प्रमुख सुनिता डङ्गोलको अध्यक्षतामा आज बसेको बैठकमा शिक्षा अधिकृत केशव ज्ञवालीले गएको आठ वर्षमा समितिले गरेका मुख्य मुख्य निर्णय र त्यसको कार्यान्वयन अवस्थाका विषयमा प्रस्तुतीकरण गर्नुभएको हो ।

बैठकले महानगरलाई साक्षर नगर घोषणा गर्ने, सार्वजनिक तथा निजी गुठीको विधान शिक्षा अधिकारीलाई प्रमाणित गर्ने अधिकार दिने, तहगत प्रधानाध्यापक व्यवस्थापन गर्ने जिम्मेवारी शिक्षा विभागलाई दिने, कक्षा १ को कक्षा सञ्चालन अनुमति नदिने, विद्यालयको परिचय पाटीमा नेपाली, अङ्ग्रेजी र नेपाल भाषामा नाम लेख्न लगाउन शिक्षा विभागलाई निर्देशन दिनेलगायत निर्णय गरेको छ । यस्तै, शिशु स्याहार, मन्टेश्वरी, पूर्वप्राथमिक तहको कक्षा सञ्चालन अनुमति दिने तथा अभिलेखनको जिम्मेवारी शिक्षा विभागलाई दिने निर्णय कार्यान्वयनमा ल्याइएको अधिकृत ज्ञवालीले बताउनुभयो ।

समितिले २०७८ सालमा शुल्क निर्धारण समितिको प्रतिवेदनअनुसार संस्थागत विद्यालयको शुल्क निर्धारण गरेको छ । दर्ता भएर सञ्चालनमा नदेखिएका एक सय सात वटा विद्यालय खारेजीको सार्वजनिक सूचनामा ४२ वटा सम्पर्कमा आएको पनि जनाइएको छ । तीमध्ये सात वटाले सञ्चालन भइरहेको र ३५ वटाले सञ्चालन तयारीमा रहेको जानकारी दिएको विभागले जनाएको छ ।

विगतको समीक्षासँगै बैठकमा नौ वटा प्रस्ताव पेस भएका थिए । ती प्रस्तावमा छलफल गर्दै अध्यक्ष डङ्गोलले विद्यालयको सामाजिक नक्साङ्कको काम १० दिनभित्र सम्पन्न गर्न विभागलाई निर्देशन दिनुभयो । उहाँले भन्नुभयो,"शैक्षिक सत्र सुरु हुनुअघिका सबै तयारी सम्पन्न गर्नुहोला । विद्यालयको बेरुजु घटाउन, शिक्षकलाई प्रविधि र प्राविधिक क्षेत्रमा क्षमता विकास गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखेर अगाडि बढाउनुहोला ।"

प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईँले मापनयोग्य शैक्षिक नतिजाका लागि शैक्षिक कार्यक्रम सञ्चालन गर्न विभागले नवीनतम कार्यक्रम तर्जुमा गर्नुपर्नेमा जोड दिँदै प्रविधि र प्राविधिक क्षेत्रको शिक्षालाई प्राथमिकतामा राख्नुपर्ने बेला आएको बताउनुभयो । स्वास्थ्य शिक्षा समितिका संयोजक चिनीकाजी महर्जनले विद्यालय छोड्ने समस्याबारे गम्भीर भएर सोच्नुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो,"विद्यार्थी भर्नाको समय आउँदैछ, अभियानका क्रममा विद्यालय छोडेर जाने बालबालिकासँग सम्बन्धित सामाजिक कारण खोज्नुपर्छ, अनि मात्र कार्यक्रम दिगो हुन्छ ।" रासस

# ग्यास पाइपलाइन र भण्डारण पूर्वाधार निर्माणको प्रस्ताव भारतसमक्ष प्रस्तुत, प्रत्युत्तरको प्रतीक्षामा निगम

काठमाण्डु । इरानमाथि अमेरिका र इजरायलले संयुक्त रूपमा हवाई कारबाही गरेपछि राजधानी उपत्यकामा एक्कासी खाना पकाउने ग्यासको अभाव भयो ।

देशमा पेट्रोलियमा पदार्थको आयात, ढुवानी, भण्डारण र वितरण गर्ने निकाय नेपाल आयल निगमले समस्या समाधानको प्रयासस्वरुप आधा सिलिन्डर ग्यास बजारमा पठाउन उद्योगीलाई निर्देशन दियो तर सहजै ग्यास नपाएको उपभोक्ताको गुनासो छ । निगमले खाना पकाउने एलपी ग्यासको आयात निरन्तर भइरहेकाले अनावश्यक सञ्चिति नगर्न आमउपभोक्तामा आग्रह गर्दै आइरहेको छ । नेपालमा मासिक रुपमा ४६ हजार मेट्रिक ग्यास खपत हुँदै आएको छ । हरेक महिना सोही परिमाणमा आयात पनि भइरहेको छ ।

पश्चिम एयसियामा जारी जारी द्वन्द्वका कारण पेट्रोलियम पदार्थको मूल्य र आपूर्तिमा विश्वव्यापी रुपमा असर परिरहेको छ । यद्यपि, निगमले पेट्रोलियम पदार्थको आपूर्ति साबिककै परिणाममा गरिरहेको बताएको छ ।




देशमा इन्धनको पर्याप्त भण्डारण नहुँदा बेलाबखत अभाव हुने गरेको निगमका अधिकारी स्वीकार गर्छन् । सरकारले तीन महिनाको माग धान्न सक्नेगरी पेट्रोलियम पूर्वाधार निर्माण गर्ने घोषणा गरेको छ । डिजेल, पेट्रोल र मट्टितेलको भण्डारण क्षमता वृद्धि गरिए पनि हालसम्म खाना पकाउने ग्यासको भण्डारण व्यवस्था भएको छैन ।

निगमका कार्यकारी निर्देशक चण्डिका भट्ट बजारमा ग्यासको अभाव हुन नदिन भण्डारण पूर्वाधारमा लगानी गर्नुपर्ने आवश्यकता औँल्याउनुहुन्छ । "अहिलेसम्मको अवस्थाले नेपाललाई एलपी ग्यास पाइपलाइन र कम्तीमा ३० दिनका लागि पुग्ने भण्डारण पूर्वाधार निर्माण गर्नु अत्यावश्यक छ", उहाँले भन्नुभयो ।

ग्यास ढुवानीमा वार्षिक रु छ अर्बभन्दा बढी खर्च हुँदै आएको छ । नेपालसँग आफ्नै ग्यास बुलेट नहुँदा ढुवानी लागत अधिक छ । "ग्यास पाइपलाइन र भण्डारण पूर्वाधार निर्माण भएमा अर्बौं बचत हुन्छ", कार्यकारी निर्देशक भट्टले भन्नुभयो, "यसबाट आपूर्ति प्रणाली सुधार भई आमउपभोक्ताले सहजै ग्यास पाउने अवस्था बन्छ ।"

तीन महिनाको पेट्रोलियम पदार्थ माग धान्ने पूर्वाधार निर्माण गर्ने राष्ट्रिय नीति भए पनि अझै त्यसले पूर्णता पाउन सकेको छैन । उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिना पेट्रोलियम भण्डारण नीतिको अस्पष्टता र अव्यवस्थित वितरण प्रणालीका कारण सहजै ग्यास उपलब्ध नभएको तर्क गर्नुहुन्छ । पेट्रोलियम पदार्थमा परनिर्भर हामीले अधिकभन्दा अधिक विद्युत् उपभोगमा उहाँको जोड छ ।

भारतको मोतिहारीदेखि सर्लाहीसम्म ग्यास पाइपलाइन र भण्डारण गृह निर्माणका लागि नेपालले भारतसँग प्रस्ताव गरेको छ । "हामीले एक वर्षअघि नै इन्डियन आयल कर्पोरेसनमार्फत त्यहाँको पेट्रोलियम मन्त्रालयमा ग्यास पाइपलाइन र भण्डारण पूर्वाधार निर्माणको प्रस्ताव गरिसकेका छौँ ।रासस

# काठमाडौँ विश्वविद्यालय अमेरिकाको 'एचई उच्च शिक्षा र्‍याङ्किङ'मा १२२ औँ स्थानमा

काठमाण्डु । संयुक्त राज्य अमेरिकास्थित एक संस्थाद्वारा गरिएको 'एचई उच्च शिक्षा र्‍याङ्किङ' मा विश्वका पाँच सय सात विश्वविद्यालयमध्ये काठमाडौँ विश्वविद्यालय एक सय २२ औँ स्थानमा परेको छ ।

विश्वभरका ९५ देशका पाँच सय सात विश्वविद्यालय सहभागी 'र्‍याङ्किङमा विश्वविद्यालयको उच्च शिक्षामा प्रभाव मापन गर्न २५ मापदण्डअन्तर्गत एक सय ३६ सूचक प्रयोग गरिएका थिए । यो 'र्‍याङ्किङ' मुख्यतः दक्षिण एसिया, दक्षिण अमेरिका र पूर्वी युरोपका उदीयमान विश्वविद्यालयको कार्यसञ्चालन क्षमता मूल्याङ्कनमा केन्द्रित रहेको जनाइएको छ ।

उक्त संस्थाले विश्वविद्यालयहरूको वास्तविक सञ्चालन प्रक्रिया र कार्यसम्पादनका आधारमा मूल्याङ्कन गर्दै तथ्यमा आधारित समग्र चित्र प्रस्तुत गर्ने गरेको जनाइएको छ । उक्त मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरिएअनुसार सुविधा तथा स्रोत व्यवस्थापन, शैक्षिक पारदर्शिता र भविष्य उन्मुख योजनामा विश्वविद्यालयले विशेष सम्भावना देखाएको छ । 'एचई उच्च शिक्षा 'र्‍याङ्किङ'को विशेषता विश्वविद्यालयको सञ्चालनसँग सम्बन्धित नीति, प्रक्रिया, सेवा, उत्पादन र परिणामहरूको मापनमा जोड दिनु रहेको छ ।मूल्याङ्कनका लागि समावेश गरिएका सूचकहरूमा समावेशिता, दिगो विकास, पारदर्शिता, उत्तरदायित्व, अनुसन्धान प्रणाली, क्याम्पस सुरक्षा, अन्तरराष्ट्रियकरण, शैक्षिक निष्ठा तथा डिजिटल पहुँचलगायत छन् । शिक्षण, अनुसन्धान, सुशासन, समानता र सामाजिक प्रभावमा अर्थपूर्ण सुधारका लागि मार्गनिर्देशन गर्ने उद्देश्यले 'र्‍याङ्किङ' तयार गरिएको संस्थाले उल्लेख गरेको छ । काठमाडौँ विश्वविद्यालयलाई पठाइएको इमेलमा 'एचई उच्च शिक्षा र्‍याङ्किङ' की सचिव नूरा अब्दुलजलीलले उक्त उपलब्धि विश्वविद्यालयको नेतृत्व, प्राध्यापक, कर्मचारी, विद्यार्थी तथा पूर्वविद्यार्थीको सामूहिक प्रयास र शिक्षाप्रतिको प्रतिबद्धताको परिणाम भएको जनाइएको छ । रासस

## ऋणीहरुलाई कर्जा रकम बुझाउने बारे ३५ (पैतिस) दिने सूचना

तपसिलमा उल्लेखित तपाई ऋणीहरुले यस जानकी फाइनान्स कम्पनी लि.स्टेशनरोड, जनकपुरधाम संग लिए गरेको कर्जा लेनदेन कारोबारमा भुक्तानी तालिका अनुसार तिर्नु पर्ने साँवा, व्याज र हर्जाना रकम बुझाउन पटक-पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत साँवा, व्याज र हर्जाना व्याज रकम चुक्ता गर्न नआउनु भएको हुदा यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखि आफुले लिएको भाखा नाघेकोऋणको साँवा, व्याज र हर्जाना आदि भुक्तानी गर्नुहोला । बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा वित्तीय संस्थाको कर्जा नीति अनुरुप ऋणी र धनी वित्तीय संस्था बिच भए गरेको ऋण सम्झौता, लिखतहरु तथा प्रचलित ऐन कानुन बमोजिम धितो स्वरुप लेखि दिएको अचल सम्पति वित्तीय संस्थाले कुनै पनि बखत लिलाम, बिक्रि, सकार गरी असूल उपर गर्नेछ । सो बाट नखामेमा ऋणीको हक लाग्ने अन्य चल अचल सम्पत्तिहरु कानूनी कारवाही गरी वित्तीय संस्थाले आफनो कर्जा रकम असूल उपर गरिलिने व्यहोरा समेत सुचित गरिन्छ । साथै धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सुचना केन्द्रमा कालोसुचीको लागि सिफारिस गरिने ब्यहोरा समेत यसै सुचना द्धारा अवगत गराईन्छ । साथै कालोसुचीमा राख्ने म्याद आजै देखि सुरु हुनेछ ।

| कर्जा नं. | ऋणीहरुको विवरण | धितोको विवरण |
|---|---|---|
| १.व्यक्तिगत कर्जा नं. ००१०३८०००० १६१७००००६ | **ऋणीको नाम : विन्देश्वर यादव**<br>**बुवाको नाम** : फेकन यादव<br>**बाजेको नाम** : खोनु यादव<br>जिल्ला धनुषा, धबौलि ३<br>हाल जिल्ला धनुषा सहिद न.पा. ०७ , धबौलि । | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा, धवौली वडा नं. ३ कित्ता नं. ७७४ को क्षेत्रफल ०-१-६-० जग्गा र लिगलगा पात समेत । |
| २.व्यक्तिगत कर्जा नं. ००१०३८०००० ६२६००००००२ | **ऋणीको नाम : राम जनम यादव**<br>**बुवाको नाम** : राम सागर यादव<br>**बाजेको नाम** : धर्मनाथ यादव<br>जिल्ला महोत्तरी, अजगेवा हरिनमरी ०२<br>हाल जिल्ला महोत्तरी भंगहा न.पा. ०९ हरिनमरी | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जिल्ला महेत्तरी, अजगेवा हरिनमरी वडा नं. २ सीट नं. २ग कित्ता नं. ८२४ को क्षेत्रफल ०-६-९-० र ऐ.ऐ. कित्ता नं. ४६७ को क्षेत्रफल ०-५-१२.५-० जग्गाहरु र लिगलगा पात समेत । |
| ३.व्यक्तिगत कर्जा नं. ००१०४६०००१ ३६७७००००२ | **ऋणीको नाम : गीता अधिकारी**<br>**ससुराको नाम** : डिंग बहादुर अधिकारी<br>**पतिको नाम** : भरत कुमार अधिकारी<br>जि. मोरङ्ग, पथरी - ०१<br>हाल जिल्ला महोत्तरी बदिवास न.पा. ०१ | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जिल्ला महेत्तरी, किसानपुर वडा नं. १ सीट नं. १क कित्ता नं. ३४५ को क्षेत्रफल ०-६-०-०, ऐ.ऐ. कित्ता नं. २२२ को क्षेत्रफल ०-५-०-०, ऐ.ऐ. बिजलपुरा वडा नं. १ सीट नं. १क कित्ता नं. १८७ को क्षेत्रफल ०-४-०-० र ऐ.ऐ. बिजलपुरा वडा नं. १ सीट नं. १क कित्ता नं. १८६ को क्षेत्रफल ०-४-०-० जग्गाहरु र लिगलगा पात समेत । |
| ४.व्यक्तिगत कर्जा नं. ००१०३८०००० ६२६००००००२ | **ऋणीको नाम : राखी कुमारी झा**<br>**ससुराको नाम** : वैधनाथ चौधरी<br>**पतिको नाम** : मुकेश कुमार चौधरी<br>जि. महोत्तरी, पिपरा - ०७<br>हाल जिल्ला धनुषा जनकपुरधाम उप म.न.पा. ०४ | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा, बसहीया वडा नं. ९ सीट नं. ९ कित्ता नं. २६९० को क्षेत्रफल ०-०-५-० जग्गा र लिगलगा पात समेत । |
| ५. विपन्न वर्ग कर्जा नं. ००१०४३०००० ६८९३००००२ | **ऋणीको नाम : निर्मला देवी ठाकुर**<br>**ससुराको नाम** : घुरन ठाकुर<br>**पतिको नाम** : अनिल कुमार ठाकुर<br>जि. धनुषा, क्षीरेश्वरनाथ न.पा. - ०५<br>हाल जिल्ला धनुषा जनकपुरधाम उप म.न.पा. १६ | निज ऋणीको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा, क.महुवा वडा नं. ४ सीट नं. ४ कित्ता नं. ७५१ को क्षेत्रफल ०-०-५-१.२ जग्गा र लिगलगा पात समेत । |
| ६.सहुलियत पूर्ण कर्जा नं. ००१०३७०००१ ७९०६००००२ | **ऋणीको नाम : नेशनल बहुउदेशीय कृषी फर्म को प्रो. राघवेन्द्र प्रसाद यादव**<br>**बाजेको नाम** : मेसो यादव<br>**बुवाको नाम** : राम दयाल यादव<br>जि. धनुषा, धनुषाधाम न.पा. -०२<br>हाल जि. धनुषा, जनकपुरधाम उप.म.न.पा.- ०९<br>धनजमानीकर्ता ( गौरी कुमारी<br>जि. धनुषा, बसबिट्टी -४<br>हाल जि. धनुषा, जनकपुरधाम उप म.न.पा.- ०९ | निज ऋणीको पत्नी गौरी कुमारीको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा, धनुषा गोविन्दपुर वडा नं. ७ सीट नं. ७क कित्ता नं. १४४६ को क्षेत्रफल ०-९-०-०, जिल्ला धनुषा, धनुषा गोविन्दपुर वडा नं. ४ सीट नं. ४ख कित्ता नं. ११३ को क्षेत्रफल ०-३-१-० र जिल्ला धनुषा, धनुषा गोविन्दपुर वडा नं. ४ सीट नं. ४ख कित्ता नं. ११२ को क्षेत्रफल ०-०-१९-० जग्गाहरु र लिगलगा पात समेत । |

जानकी फाइनान्स कम्पनी लि.
स्टेशन रोड - ०२
जनकपुरधाम, धनुषा
सम्पर्क नं. ०४१-५९०५८७

## धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल चैत महिना ११ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय कमलामाईबाट तपशिलमा उल्लेखित ऋणीले सरल व्यवसाय आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **आस्था खाद्यन्न पसल** प्रोप्राइटरको नाम : ममता देवी साह प्रा.फ.नं. : ४३५७/०७८/०७९
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय बाग्मती प्रदेश, सिन्धुली दर्ता मिति : २०७८/०४/२५
फर्मको ठेगाना : सिन्धुली जिल्ला कमलामाई वडा नं. ७ स्थायी लेखा नं. : ६१६३१७८०६

**प्रोप्राइटरको विवरण**

देवेन्द्र साह सुडींको छोरी सोने लाल साह सुडीको बुहारी आशिष लाल साहको पत्नी महोत्तरी जिल्ला गोनरपुरा वडा नं. ३ हाल, सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ७ बस्ने **ममता देवी साह** (ना.प्र.नं. : १८-०१-७०/०७७८२ जारी मिति र जिल्ला : २०७०/०९/२४, महोत्तरी)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

सहदेव साह सुडीको नाति सोने लाल साह सुडीको छोरा महोत्तरी जिल्ला गोनरपुरा वडा नं. ३ हाल, सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ७ बस्ने **आशिष लाल साह** (ना.प्र.नं. : ३६६९२६१४ जारी मिति र जिल्ला : २०६०/१०/०५, महोत्तरी)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
१) मिति २०८०/०२/१८ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने
२) मिति २०८०/०४/१७ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी २१ दिने
३) मिति २०८२/०५/१६ को अभियान राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी ७ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।


| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| ममता देवी साह | सिन्धुली जिल्ला सिद्धेश्वर वडा नं. ७ | ७ख | १४७ | ०-०-७-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८२ साल चैत १७ गते मंगलबार भित्र यस बैकको शाखा कार्यालय कमलामाई आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२ साल चैत १८ गते बुधबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय कमलामाईमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मधेशकेन्द्रित दलको अस्तित्वको संकट

०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन परिणामले मधेश केन्द्रित राजनीतिमा ठूलो पराकम्प ल्याइ दिएको छ । मधेश आन्दोलनबाट उदाएका जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाल र आम जनता पार्टीजस्ता मधेशको मुद्दा उठाउने शक्तिहरूले प्रतिनिधिसभामा एक सिट पनि सुरक्षित गर्न नसक्नु अनपेक्षित मात्र नभइ ती दलका लागि अस्तित्वकै संकटमा परेको छ। २०७९ को निर्वाचनमा उल्लेख्य उपस्थिति जनाएका यी दलहरू शून्यमा झर्नुले मधेशी मतदाताको मोह भंग भएको प्रस्ट संकेत गर्दछ । निर्वाचनको यस परिणामले मधेशी नेताहरूमा अन्योल र निराशा छाएको देखिन्छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र साहको सम्भावित प्रधानमन्त्रीत्वलाई मधेशी मूलको पहिलो प्रधानमन्त्री भन्दै खुसी व्यक्त गरिनु र अर्कोतिर आफ्नै गढमा पत्तासाफ हुनुले यी दलहरूको दोधारे चरित्र उजागर गरेको छ । आफ्ना एजेन्डा र संगठन बलियो बनाउनुको साटो अर्को शक्तिको उदयमा आत्मरतिमा रमाउनु राजनीतिक परिपक्वता होइन । विशेषगरी जनमत पार्टीका अध्यक्ष सीके राउतले सक्रिय राजनीतिबाट सन्यास लिने घोषणा गरेको छ। तर नेतृत्व हस्तान्तरणबारे स्पष्ट खाका नहुनुले कार्यकर्तामा झन् अन्योलता थपेको छ । मधेश केन्द्रित दलहरूको हविगत हुनुमा मुख्यतया तीनवटा कारण देखिन्छन् । पहिलो, सत्तालिप्सा र विभाजनः मुद्दाभन्दा पनि सत्ता समीकरण, मन्त्रालयको भागबण्डा र बारम्बारको पार्टी फुटले जनतामा वितृष्णा जगाएको छ। दोस्रो, संघीयता र पहिचानका पुराना नाराले मात्र नयाँ पुस्ता (जेन-जी) लाई आकर्षित गर्न सकेन। सत्तामा पुगेपछि नातावाद, कृपावाद, आफन्तजन केन्द्रित राजनीतिक सत्ता र सम्पती आर्जन गर्न तर्फ केन्द्रित हुनु जस्ता आरोपसमेत कार्यकर्ताहरुले लगाउन पुगेका छन् । त्यस्तै कृषि, रोजगारी र सुशासन जस्ता आधारभूत आवश्यकतामा मधेशी दलहरू चुकेकै हो । तेस्रो, चुनावी मोर्चा बनाए पनि आन्तरिक कलह र स्वार्थका कारण उनीहरू एक ढिक्का हुन सकेनन् । उपेन्द्र यादवदेखि सीके राउत, अशोक राई र प्रभु साहसम्मका हस्तीहरू पराजित हुनु यसैको परिणाम हो । अहिले जसपा नेपालले चैतमा समीक्षा बैठक बोलाउने र जनमत पार्टीले रास्वपा सरकारको कार्यशैली हेरेर रणनीति बनाउने बताएका छन् । तर केवल समीक्षा र पर्खाइले मात्रै गुमेको साख फिर्ता हुँदैन । मधेशका मुद्दाहरू जस्तै नागरिकता, विभेदको अन्त्य र आर्थिक समृद्धिलगायतका मुद्दा अझै जीवितै छन् । तर ती मुद्दा बोक्ने भरपर्दो काँधको अभाव देखिएको छ । मधेश केन्द्रित दलहरूले अब पुरानो ढर्राको राजनीति त्याग्नैपर्छ । भावनात्मक नाराले मात्र चुनाव जितिने दिन गएका छन् । यदि यी दलहरूले समयमै आन्तरिक लोकतन्त्र सुदृढ गर्ने, दोस्रो पुस्तालाई नेतृत्व सुम्पने र जनजीविकाका सवालमा ठोस कार्ययोजना नल्याउने हो भने नेपाली राजनीतिमा उनीहरूको सान्दर्भिकता केवल इतिहासको पानामा सीमित हुने देखिन्छ ।

## कांग्रेसको पुनर्जागरण :

# नैतिक जवाफदेहितादेखि संरचनागत रूपान्तरणसम्मको मार्गचित्र



● गगन थापा

नेपाली राजनीतिको एउटा विशिष्ट र अत्यन्त संवेदनशील मोडमा नेपाली कांग्रेस उभिएको छ। २००७ सालको क्रान्तिदेखि आजसम्म आइपुग्दा नेपाली माटोमा लोकतन्त्रको बिरुवा हुर्काउन आफ्नो प्राणको आहुति दिने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दैगर्दा, हामीले उनीहरूको बलिदानबाट प्राप्त लोकतान्त्रिक व्यवस्था र स्वतन्त्रताको रक्षा गर्ने युगीन अभिभारालाई गम्भीरतापूर्वक मनन गर्नुपर्ने बेला आएको छ।

पछिल्लो प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भएसँगै देशले एउटा नयाँ राजनीतिक कोर्ष लिएको छ। नागरिकहरूले लोकतन्त्र र निर्वाचन प्रक्रियामा देखाएको उत्साहपूर्ण सहभागिता र प्रतिबद्धता लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष हो। यो निर्वाचनमार्फत सुविधायुक्त ढंगले आगामी पाँच वर्षका लागि सरकार सञ्चालन गर्ने जनादेश प्राप्त गरेको नयाँ नेतृत्वलाई नेपाली कांग्रेस हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ। संविधानको मर्म, लोकतान्त्रिक भावना र आजको नौजवान पुस्ताको सुशासनप्रतिको भोकलाई सम्बोधन गर्दै यो सरकारले सफलतापूर्वक आफ्नो कार्यकाल सम्पन्न गरोस् भन्ने हाम्रो शुभेच्छा छ।

यस लेखमार्फत मैले पार्टीको केन्द्रीय कार्यसमिति बैठकमा राखेका केही गम्भीर विषय, राष्ट्रिय राजनीतिमा कांग्रेसको अबको भूमिका र पार्टीको आन्तरिक जीवनलाई रूपान्तरण गर्ने भावी खाकालाई आम सञ्चारमाध्यम र देशभरिका लाखौं साथीहरूको बीचमा सार्वजनिक बहसमा ल्याउने जमर्को गरेको छु।

### १. नैतिक जवाफदेहिता : राजनीतिक संस्कारको सुरुआत

२०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभाको निर्वाचन परिणामपछि, मैले फागुन ३ गते नै नेपाली कांग्रेसको नेतृत्व तहमा आफ्नो राजीनामा प्रस्तुत गरेको थिएँ। यो राजीनामा कुनै हतारो वा हतास मनस्थितिको उपज थिएन। यो त केवल अकाउन्ट्याबिलिटी अर्थात् नैतिक जवाफदेहिताको उच्चतम् अभ्यास थियो।

विशेष महाधिवेशन नगरीकन हामी जुन प्रतिकूल अवस्थामा निर्वाचनमा होमियौं, त्यसको सामना कसरी गर्नुपऱ्यो भन्ने कुरा निर्वाचित भएका साथीहरू र प्रतिस्पर्धा गरेका १४७ जना उम्मेदवारहरूलाई राम्ररी थाहा छ। निर्वाचनमा पार्टीको आधिकारिक उम्मेदवारका लागि मत माग्न नजाने वा असहयोग गर्ने प्रवृत्तिले पार्टीलाई कति क्षति पुऱ्यायो भन्ने विषयको समीक्षा हुँदै गर्ला। तर, एउटा निर्वाचन अभियानको कमान्ड सम्हालेको नेतृत्वकर्ताको हैसियतले पराजय वा अपेक्षित परिणाम नआउनुको सम्पूर्ण नैतिक जिम्मेवारी लिनु मेरो राजनीतिक धर्म थियो।

राजनीतिमा पद भन्दा माथि नैतिकता हुन्छ। मैले राजीनामा दिँदा यसको बाह्य टिप्पणी के होला भन्ने कुरालाई प्राथमिकतामा राखिनँ। मलाई केवल पार्टीका ती इमानदार र निष्ठावान् कार्यकर्ताहरूको चिन्ता थियो, जसले अत्यन्त प्रतिकूल अवस्थामा पनि पार्टीको झन्डा बोकेर रातदिन खटेका थिए। विधानको व्यवस्थाबमोजिम मेरो राजीनामा केन्द्रीय समितिमा प्रवेश पायो।

केन्द्रीय समितिले दुई दिनसम्म सघन छलफल गरेर वर्तमान नेतृत्वले नै आगामी महाधिवेशनसम्मको जिम्मेवारी पूरा गर्नुपर्ने निर्णय गऱ्यो। यद्यपि मेरो अपेक्षा राजीनामा स्वीकृत होस् र एउटा नयाँ संस्कारको थालनी होस् भन्ने थियो। तर, लोकतान्त्रिक पार्टीमा व्यक्ति भन्दा संस्था ठूलो हुन्छ। म भन्दा केन्द्रीय कार्यसमिति ठूलो हो र केन्द्रीय समिति भन्दा महाधिवेशन ठूलो हो। त्यसैले केन्द्रीय समितिको निर्णयलाई सम्मान गर्दै मैले यो अध्यायलाई यहीँ विश्राम दिएको छु। अब निर्वाचन र नेतृत्वको मूल्याङ्कनको अन्तिम छिनोफानो आगामी १५औं महाधिवेशनको हलले नै गर्नेछ।

### २. सशक्त र जिम्मेवार प्रतिपक्षको भूमिका

निर्वाचनले नेपाली कांग्रेसलाई सरकारको साँचो होइन, संसद्मा प्रमुख प्रतिपक्षको गरिमामय जिम्मेवारी सुम्पेको छ। लोकतन्त्रमा सरकारको जति महत्त्व हुन्छ, प्रतिपक्षको भूमिका त्यो भन्दा कुनै कोणबाट कम हुँदैन। अझ संसद्मा सरकार गणितीय रूपमा अत्यधिक बलियो भएको अवस्थामा प्रतिपक्षको भूमिका झनै चनाखो, सशक्त र जिम्मेवार हुनुपर्छ।

हामीले निर्वाचनको बेला जनतासामु एउटा प्रतिज्ञा गरेका थियौँ, आगामी पाँच वर्षमा सुशासन, विकास र सेवा प्रवाहको गतिलाई तीनदेखि चार गुणाले बढाउनेछौँ। जनताले हामीलाई सरकारमा गएर यो काम गर्ने जनमत दिएनन्, तर प्रतिपक्षमा रहेर सरकारलाई यो बाटोमा हिँडाउन निरन्तर खबरदारी गर्ने म्यान्डेट दिएका छन्। त्यसैले, हामी हाम्रो प्रतिज्ञाबाट पछि हट्ने छैनौं।

हाम्रो प्रतिपक्षीय भूमिका रचनात्मक हुनेछ। देश विकास र सुशासनको यात्रामा सरकारले सही कदम चाल्दा हाम्रो पूर्ण साथ र प्रोत्साहन रहनेछ। तर, जहाँ सरकारको गति सुस्त हुन्छ, जहाँ नागरिकका अधिकार कुण्ठित हुन्छन्, त्यहाँ हाम्रो कडा दबाब र निर्मम प्रश्न खडा हुनेछ। हामीले यो पनि प्रतिज्ञा गरेका थियौं कि देशलाई अब कुनै पनि दुर्घटना वा अतिवादको भुमरीमा फस्न दिने छैनौं। विगतमा पटक-पटक राजनीतिक अस्थिरता र द्वन्द्वको चपेटामा परेको देशलाई अब कुनै पनि प्रकारको राजनीतिक दुर्घटनाबाट जोगाउने र अतिवादलाई निस्तेज पार्ने प्रमुख पहरेदारको भूमिका नेपाली कांग्रेसले निर्वाह गर्नेछ।




### ३. सुशासनको सङ्कल्प : ३५ वर्षको निर्मम समीक्षाको आवश्यकता

नयाँ बन्ने सरकारसँग आम नागरिकको ठूलो अपेक्षा छ, विशेषगरी सुशासनको क्षेत्रमा। सुशासनका गफ धेरै भए, अब निर्मम एक्सनको आवश्यकता छ। हामीले स्पष्ट भनेका छौँ, अबको पाँच वर्ष सुशासन र विकासको नयाँ अध्याय हुनुपर्छ। तर, अगाडिको बाटो तय गर्दैगर्दा विगतलाई चटक्कै भुलेर वा विगतका अपराधहरूलाई उन्मुक्ति दिएर नयाँ अध्याय सुरु हुन सक्दैन।

त्यसैले, नेपाली कांग्रेस प्रस्ट रूपमा यो प्रस्ताव अघि सार्दछ : २०४६ सालको ऐतिहासिक जनआन्दोलनपछि बनेको २०४८ सालको सरकारदेखि आज २०८२ सालसम्म जति पनि सरकारहरू बने, ती सबै कालखण्डमा सार्वजनिक पदधारण गरेका सबै व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न एउटा उच्चस्तरीय र अधिकारसम्पन्न 'सम्पत्ति छानबिन आयोग' तत्काल गठन गरियोस्। सार्वजनिक पदको दुरुपयोग गरेर, भ्रष्टाचार गरेर वा अनुचित लाभ लिएर गैरकानुनी रूपमा आर्जन गरिएको जुनसुकै सम्पत्ति जफत गरिनुपर्छ। नयाँ सरकारले यसका लागि सय दिनभित्र आयोग बनाउने जुन घोषणा गरेको छ, त्यसमा नेपाली कांग्रेसको पूर्ण समर्थन र खबरदारी रहनेछ।

यो ३५ वर्षको अवधिमा देशले राजनीतिक क्रान्ति र परिवर्तनका ठूला फड्को मारेको साँचो हो। तर, यही अवधिमा शासकीय शक्तिको चरम दुरुपयोग पनि भयो। सार्वजनिक ओहोदामा बस्नेहरूले राज्यको ढुकुटीमाथि गरेको दोहनका कारण आज नागरिकमा चरम निराशा छ। चियापसलदेखि चोकचोकसम्म आज काण्डै काण्डका मात्र चर्चा छन्।

चाहे त्यो गिरिबन्धु टी-स्टेटको जग्गा घोटाला प्रकरण होस्, चाहे ललिता निवासको सरकारी जग्गा हिनामिना होस्, चाहे वाइडबडी विमान खरिद प्रकरण होस् वा भाद्र २४ गते अमुक नेताको घरमा भेटिएको भनिएको जग्गाको अकुत पैसाको विषय होस्– यी कुनै पनि काण्डहरू अब राजनीतिक सौदाबाजी वा आरोप-प्रत्यारोपका विषय मात्र बन्नु हुँदैन। कांग्रेसको स्पष्ट मान्यता छ : यी सबै प्रकरणको कानुनसम्मत, निष्पक्ष र गहिरो अनुसन्धान हुनुपर्छ। दुधको दुध र पानीको पानी छुट्याइनुपर्छ। भ्रष्टाचार गर्ने व्यक्ति जुनसुकै पार्टी वा ओहोदाको किन नहोस्, उसले आफ्नो कर्मको भारी आफैं बोक्नुपर्छ। अख्तियारको दुरुपयोग र नीतिगत भ्रष्टाचारका सन्दर्भमा कुनै पनि पूर्वाग्रह नराखी दोषीलाई कडा कारबाही गर्ने कुरामा नेपाली कांग्रेसले कसैसँग कुनै सम्झौता गर्ने छैन।

### ४. सहकारी ठगी : नागरिकको पसिनाको रक्षा

आज देशव्यापी रूपमा उठेको अर्को सबैभन्दा ज्वलन्त र गम्भीर विषय हो, सहकारी ठगी। आज हजारौं सर्वसाधारण नागरिक, जसले आफ्नो जीवनभरको पसिना काटेर, गाँस काटेर सहकारीमा दुई-चार पैसा जम्मा गरेका थिए, उनीहरू सडकमा रुन बाध्य छन्। माइतीघर मण्डलादेखि देशका विभिन्न सडकहरूमा पीडितहरूको आर्तनाद गुन्जिरहेको छ।

सहकारी ठगी कुनै सामान्य आर्थिक हिनामिना होइन, यो आम गरिब र मध्यमवर्गीय नागरिकमाथिको गम्भीर आर्थिक अपराध हो। यसमा जसको संलग्नता देखिए पनि उसलाई तत्काल कानुनी दायरामा ल्याइनुपर्छ। अनुसन्धानका क्रममा जो दोषी देखिन्छ, ऊ सत्तामा होस् वा विपक्षमा, ऊ कुन पार्टीको हो वा कुन पदमा आसीन छ भन्ने कुराले कुनै अर्थ राख्नु हुँदैन। तर, दोषीलाई कारबाही गरेर मात्र पुग्दैन; राज्यको प्रमुख दायित्व भनेको ती गरिब नागरिकको डुबेको रकम स-ब्याज फिर्ता गराउनु हो।

नयाँ सरकारले सहकारी ठगी प्रकरणको अनुसन्धानलाई तीव्रता दिँदै पीडितको बचत फिर्ता गराउने ग्यारेन्टी तत्काल गरोस्। नेपाली कांग्रेस यस कार्यमा सरकारलाई पूर्ण सहयोग गर्न तयार छ र ढिलासुस्ती भएमा सडक र सदन दुवै तर्फबाट कडा आन्दोलन गर्न पनि पछि पर्ने छैन।

### ५. संविधान संशोधन र निर्वाचन प्रणालीमा सुधार

विगत केही वर्षयताको हाम्रो संसदीय अभ्यासले एउटा गम्भीर यथार्थलाई उजागर गरेको छ– वर्तमान निर्वाचन प्रणालीले कुनै पनि एउटा राजनीतिक दललाई स्पष्ट बहुमत ल्याउन लगभग असम्भव बनाएको छ। सधैं मिलिजुली र गठबन्धनको सरकार बनाउनुपर्ने बाध्यात्मक अवस्थाले देशमा चरम राजनीतिक अस्थिरता, नीतिगत विचलन र सत्ता स्वार्थको फोहोरी खेललाई प्रश्रय दिएको छ। आम नागरिकमा यो निर्वाचन प्रणालीप्रति गम्भीर वितृष्णा पैदा भइसकेको छ।

त्यसैले, अब निर्वाचन प्रणालीमा गम्भीर सुधार गर्नुपर्ने बेला आइसकेको छ। तर, निर्वाचन प्रणाली परिवर्तन गर्नु भनेको संविधान संशोधन गर्नु हो। संविधान संशोधन कुनै एउटा दलको चाहना वा बहुमतले मात्र सम्भव हुने वा गरिनु पर्ने विषय होइन; यसका लागि बृहत् राष्ट्रिय सहमति आवश्यक पर्छ। तसर्थ, नेपाली कांग्रेसको केन्द्रीय समितिले अबिलम्ब एउटा 'संविधान संशोधन अध्ययन तथा सुझाव समिति' गठन गर्नुपर्छ। यस समितिले निर्वाचन प्रणालीलाई कसरी स्थिर र जनमुखी बनाउने, साथै संविधान कार्यान्वयनका क्रममा देखिएका अन्य त्रुटिहरूलाई कसरी सच्याउने भन्ने विषयमा गहन अध्ययन गरी पार्टीलाई ठोस सुझाव दिनेछ। सोही सुझावका आधारमा नेपाली कांग्रेसले अन्य राजनीतिक दलहरूसँग राष्ट्रिय सहमतिको पहलकदमी अगाडि बढाउनेछ।

### ६. पार्टीको आन्तरिक जीवन र संगठन सुदृढीकरण

राष्ट्रिय राजनीतिका यी अभिभाराहरू पूरा गर्न नेपाली कांग्रेस स्वयम् भित्रबाट बलियो, सुदृढ र रूपान्तरित हुन आवश्यक छ। हामीले १६५ वटै निर्वाचन क्षेत्रमा गएर गत निर्वाचनको निर्मम र वस्तुगत समीक्षा गर्नुपर्छ। कहाँ हाम्रो संगठन बलियो छ? कहाँ हामी चुक्यौं? अन्तर्घातका कारणहरू के हुन्? यी सबै विषयको चिरफार नगरी हामी अगाडि बढ्न सक्दैनौं।

आज देशमा, विशेष गरी युवा पुस्तामा चरम निराशा छाएको छ। यो निराशालाई चिर्ने तागत नेपाली कांग्रेसले राख्नुपर्छ। यसका लागि हामीले हाम्रा कार्यक्रम र एजेन्डाहरूलाई युवालक्षित बनाउनुपर्छ र संगठनलाई गाउँ, टोल र प्रत्येक घरको दैलोसम्म पुऱ्याउनुपर्छ।

यस संगठनात्मक पुनर्जागरणका लागि म नेपाली कांग्रेसको १५औं केन्द्रीय महाधिवेशनको स्पष्ट कार्यतालिका (क्यालेन्डर) यसै केन्द्रीय समितिबाट पारित गर्न प्रस्ताव गर्दछु :

- २०८२ वैशाख १ गतेदेखिः पार्टीको क्रियाशील सदस्यता वितरण र नवीकरणको महाअभियान सुरु गर्ने। यो प्रक्रिया पूर्ण रूपमा 'अनलाइन' मार्फत हुनुपर्छ, ताकि स्वदेश तथा विदेशमा रहेका जो कोही पनि लोकतन्त्रप्रेमी नागरिकले सहजै कांग्रेसको सदस्यता प्राप्त गर्न सकुन्। यसले पार्टीलाई प्रविधिमैत्री र पारदर्शी बनाउनेछ।
- २०८२ साउन ६ गतेः देशभर एकैसाथ वडा अधिवेशन सम्पन्न गर्ने।
- २०८२ साउन १२ गतेः पालिका तहका अधिवेशनहरू सम्पन्न गर्ने।
- २०८२ साउन २३ गतेः प्रदेश सभा क्षेत्रीय अधिवेशन सम्पन्न गर्ने।
- २०८२ साउन ३० गतेः प्रतिनिधि सभा क्षेत्रीय (जिल्ला क्षेत्र) अधिवेशन सम्पन्न गर्ने।
- २०८२ भदौ ६ र ७ गतेः सबै जिल्ला अधिवेशनहरू सम्पन्न गर्ने।
- २०८२ भदौ १५ र १६ गतेः सातवटै प्रदेशका अधिवेशनहरू सम्पन्न गर्ने।
- २०८२ भदौ २४, २५ र २६ गतेः नेपाली कांग्रेसको ऐतिहासिक १५औं केन्द्रीय महाधिवेशन संघीय राजधानी काठमाडौंमा भव्यताका साथ सम्पन्न गर्ने।

यो स्पष्ट कार्यतालिकालाई आजै अनुमोदन गरेर अगाडि बढ्दा पार्टी पङ्क्तिमा छाएको अन्योल हट्नेछ र ग्रास रुट (तल्लो तह) सम्म एउटा नयाँ सांगठनिक ऊर्जाको सञ्चार हुनेछ।

### ७. क्याडर बेस्डबाट मास बेस्ड पार्टी र ल्याटरल इन्ट्रीको अवधारणा

विश्वको राजनीति द्रुत गतिमा परिवर्तन भइरहेको छ। हिजोको परम्परागत शैलीले मात्र अबको पुस्तालाई नेतृत्व गर्न सकिँदैन। अब नेपाली कांग्रेसलाई सीमित कार्यकर्तामा आधारित क्याडर बेस्ड (ऋबमचभ-दबकभम) पार्टीको घेराबाट बाहिर निकालेर सम्पूर्ण जनसमुदायमा आधारित खुला मास बेस्ड (ःबकक-दबकभम) पार्टीमा रूपान्तरण गर्नुपर्छ।

पार्टीभित्र विद्यमान गुट-उपगुटको अस्वस्थ प्रतिस्पर्धालाई वैचारिक मन्थनमा रूपान्तरण गरी उचित व्यवस्थापन गर्नुपर्छ। यसका साथै, मैले अत्यन्त महत्त्वका साथ अघि सारेको विषय हो, ल्याटरल इन्ट्री (बितभचबी भ्लतचथ) को व्यवस्था। राजनीतिमा जीवनभर झोला बोकेका मात्र आउनुपर्छ भन्ने छैन। अर्थतन्त्र, प्रविधि, स्वास्थ्य, शिक्षा, कूटनीति, पूर्वाधार लगायतका विभिन्न व्यावसायिक क्षेत्रमा आफ्नो विज्ञता र उत्कृष्टता प्रमाणित गरिसकेका क्षमतावान् व्यक्तिहरूलाई पार्टीको नेतृत्व तहमा सहजै प्रवेश गराउने वैधानिक व्यवस्था नै 'ल्याटरल इन्ट्री' हो। यस्ता विज्ञहरू पार्टीमा जोडिएपछि मात्र पार्टीले आधुनिक राज्य सञ्चालनको स्पष्ट खाका कोर्न सक्छ र देशले उनीहरूको विज्ञताको भरपूर उपयोग गर्न पाउँछ।

### ८. नेतृत्व प्रतिष्ठानको स्थापना

अन्तमा, पार्टीलाई वैचारिक र रणनीतिक रूपमा तिखार्न नेपाली कांग्रेसभित्र एउटा अधिकारसम्पन्न र साधनस्रोत युक्त नेतृत्व प्रतिष्ठान (भिबमभचकजष्उ बअबमभझथ) को स्थापना गर्नु नितान्त आवश्यक भइसकेको छ। यस प्रतिष्ठानले पार्टीका हजारौं कार्यकर्ता, भ्रातृ संस्थाका प्रतिनिधिहरू तथा स्थानीय, प्रदेश र संघीय तहमा निर्वाचित हाम्रा जनप्रतिनिधिहरूलाई नियमित रूपमा सैद्धान्तिक, व्यावहारिक र प्राविधिक प्रशिक्षण दिनेछ। यसले हाम्रा नेता तथा कार्यकर्ताहरूको नेतृत्व क्षमता, नीति निर्माणको ज्ञान र जनसेवाको सीपलाई समयानुकूल अभिवृद्धि गर्नेछ।

**निष्कर्षः**

नेपाली कांग्रेस केवल एउटा राजनीतिक दल मात्र होइन, यो नेपालको लोकतान्त्रिक आन्दोलनको ढुकढुकी हो। हिजोका दिनमा राणाशासन, पञ्चायत र राजतन्त्र ढाल्न जसरी यो पार्टीले अभूतपूर्व नेतृत्व गऱ्यो, आज सुशासन कायम गर्न, भ्रष्टाचार निर्मूल पार्न र आर्थिक समृद्धिको ढोका खोल्न पनि यसले त्यही स्तरको क्रान्तिकारी नेतृत्व दिनु आवश्यक छ।

जवाफदेहिताको सुरुवात आफैंबाट गरेर, सुशासनको एजेन्डालाई कडाइका साथ उठाएर र पार्टीको आन्तरिक संरचनालाई महाधिवेशनको स्पष्ट कार्यतालिका र आधुनिक अवधारणाहरूमार्फत सुदृढ गरेर मात्र हामीले आउने पुस्तालाई एउटा जीवन्त र भरोसायोग्य कांग्रेस हस्तान्तरण गर्न सक्नेछौं। केन्द्रीय कार्यसमितिले यी गम्भीर प्रस्तावहरूमाथि विवेकपूर्ण छलफल गरी पार्टी र राष्ट्रको हितमा ठोस र ऐतिहासिक निर्णय गर्नेछ भन्नेमा म पूर्ण विश्वस्त छु।रातोपाटी

# नेता र जनताका लागि दिव्य नवव्रत



● सूर्यवदना घिमिरे पण्डित

हरेक आम निर्वाचनले एक बृहत् प्रश्नको उत्तर दिन्छ । कहिलेकाहीँ धेरै जनालाई एउटै प्रश्न सोधिन्छ । कहिले धेरै प्रश्न एकै जनालाई सोधिन्छ। एउटै प्रश्न धेरैलाई सोधिने भनेको जनमत सङ्ग्रह र आम निर्वाचनमा हो। आम निर्वाचनमा बाहिर देख्दा प्रश्न एउटा भए पनि उत्तरमा धेरै आयामहरू लुकेका हुन्छन् ।यसैगरी एक व्यक्तिलाई धेरै प्रश्न सोध्ने काम विभिन्न समयमा हुने राष्ट्रिय सर्भे वा गणनाहरूमा गरिन्छ । यसरी सोधिएका प्रश्नहरूबाट भावी दिशा तय गर्न लिइनुपर्ने कदमको बारेमा उत्तर आएको हुन्छ । जनहितको काम गर्न सरकारहरू बन्ने गर्छन् ।

नेपालमा प्रश्न र उत्तरको शृ॰ ला

वि.सं. २०३७ सालमा बहुदल वा निर्दल भन्ने प्रश्नमा नागरिकले निर्दलको पक्षमा मत दिए। त्यसमा आफ्नो आवाज मुखरित हुन नपाएकाले जनतालाई चित्त बुझेन। बिना प्रश्नको उत्तरस्वरूप आन्दोलन भयो र ०४७ मा बहुदलीय व्यवस्था आयो। यसपछि जनताको मत धेरै नेता र दलहरूले पाए। मत जाहेरको आशय थियो, देशमा चौतर्फी क्षमताको अभिवृद्धि होस् र सम्पन्नशाली देशका नागरिक बन्न सकियोस् । यस अपेक्षाको प्राप्तिमा नागरिकलाई चित्त बुझेको पाइएन ।

भर्खरै फागुन २१ मा नेपालमा आम निर्वाचन सम्पन्न भयो । त्यसमा खासगरी अबको पाँच वर्षका लागि सरकारमा रहने दल र प्रतिनिधि को हुने भन्ने उत्तर दिने काम सकिएको छ। नेपाल र नेपालीको भलो गर्ला कि भन्ने अपेक्षा रहेको दल र उम्मेदवारले नागरिकबाट भारी मत पाएका छन् ।

**जनमतको अपेक्षा के हो ?**

अब नयाँ दल र नेताहरूलाई निर्धक्क हिसाबले काम गर्ने अवसर मिलेको छ। यसअघि अरूले चलाए, अब तिमीहरूको पालो आयो लौ खाऊ, भनेर मत आएको पक्कै होइन । यस कुराप्रति सजग नभए नेताले प्रश्न नगरे पनि आन्दोलनको रूपमा उत्तर आउन सक्छ। गएको भाद्र २३ र २४ मा भएको जेनजीको आन्दोलनको मूल सवाल देशमा भ्रष्टाचारको अन्त्य, सुशासन, रोजगारीको सिर्जना र राष्ट्रिय समृद्धिको चाहना हो । त्यसैले यसपटकको चुनावमा युवा वर्गले बढी उत्साह देखाएका छन्। आफूले मत पाउनुको कारण निर्वाचित दलले बुझेको हुनुपर्छ ।

हाम्रा ऋषिहरूले व्यक्तिले गर्नुपर्ने कर्तव्य र जिम्मेवारीलाई निर्वाह गर्न आचरणको व्यवस्था गरे। त्यसमध्ये नेतृत्वले गर्नुपर्ने कामलाई राजनीतिक आचरणका रूपमा लिए। आजकल धेरै आध्यात्मिक र मनोवैज्ञानिक संस्थाहरूले विभिन्न पेसा र व्यवसायीको आचरण कस्तो हुनुपर्छ भन्ने कुरालाई उजागर गर्दै आएका छन् । जीवन विज्ञान प्रतिष्ठानले यसलाई दिव्य नवव्रतहरूका रूपमा प्रस्तुत गरेको छ । अबको नेतृत्वले यसलाई पालना गरेर जनमतको सदुपयोग र राष्ट्रिय समृद्धि हुने कुरामा दुई मत हुनेछैन ।

**दिव्य नवव्रतका विषयहरू**

१) सत्यता : सबैलाई ढाँटेको होइन, सत्य कुरा मन पर्छ । यद्यपि ढाँट्ने मान्छेलाई समेत असत्य बोलेकोमा मनमनै पश्चात्ताप भइरहन्छ। त्यसमाथि युवा वर्गले सोझो वा निष्कपटपन मात्र सहन सक्छन्। अहिले झन्डै दुई तिहाइ मत ल्याएको दलले आफ्नो वाचापत्रलाई सत्य साबित गर्नेछ । बोली र व्यवहारमा फरक आउन दिनुभएन । सबै नेताहरू आ-आफ्ना जिम्मेवारीलाई सत्यतापूर्वक निर्वाह गर्दै छन् भन्नेमा आम नागरिक विश्वस्त बन्ने वातावरण हुनुपर्छ ।

२) स्वाध्याय : पहिला स्वाध्याय भनेको गुरुकुलमा नगई घरैमा बसेर अध्ययन गरिने बुझिन्थ्यो । यसको अर्थ त्यति सङ्कुचित रहेनछ। यसको मूल मर्म आफ्नै भाव र विचारलगायत स्वकार्यको मूल्याङ्कन आफैँ गर्नुपर्ने रहेछ। म किन यहाँ आएँ ? मेरो काम के हो र के गरिरहेको छु, मतदाताको अपेक्षा के हो त्यसको हेक्का राख्नैपर्छ। पूर्ण यस्तै कुराको मूल्याङ्कन नै स्वाध्याय हो । पहिला आफैँले आफैँलाई नबुझे अरूलाई चिन्ने आधार बन्न सक्दैन ।

३) निरहङ्कारिता : मान्छेलाई निरङ्कुश हुनबाट बचाउने एक मात्र माध्यम निरहङ्कारिता हो । मैले जति कसैले जानेको छैन, मलाई सबैले मान्नुपर्छ भन्ने दम्भ र हुङ्कारले नेता, जनता कसैलाई पनि मान्छे बन्न दिँदैन। अबको नेतृत्व प्रत्येक भाव, विचार र कर्ममा सजग भएर सतत विचारमा रहनुपर्ने हुन्छ । बोली र व्यवहारको तालमेललाई नागरिकले कसीमा घोट्दा सही ठहरिनुपर्छ। राजनेताले भोलि बोल्न सक्ने बाटो नै निरहङ्कारिता हो ।

४) क्षमाशीलता : चुनावअघि प्रतिस्पर्धाको स्थितिमा आफू सक्षम र अरू असक्षम देखाउने प्रयासले सम्बन्ध खल्बलिएको हुन सक्छ । अब जसले बहुमत पाएर सरकार चलाए पनि सबैको सरकार त्यही हो । यसमा एकले अर्काप्रति सम्यक् भाव राखेर मात्र आफूलाई टिकाउन सकिन्छ । यतिबेला तेहोरो क्षमाशीलता आवश्यक पर्छ । एक दलले अर्को दललाई, नेताले जनता र जनताले नेतालाई क्षमा दिन सक्नुपर्छ ।

५) सर्वकल्याण भाव : आम निर्वाचनमा मताधिकारको प्रयोग गर्न सबैले पाएका हुँदैनन् । स्थान, परिवेश, अवस्था आदि धेरै कुराले तालमेल मिलेको वा नमिलेको हुन सक्छ । चुनावको पद्धतिअनुसार एक दलले सरकार चलाउने जनादेश पाएपछि सबै क्षेत्र, वर्ग र लिङ्गले मेरो सरकार हो भन्न सक्ने वातावरण हुनुपर्छ । खासगरी नेताहरूको हरेक विषय र समयमा सर्वकल्याणको सोच एवं व्यवहार हुनुपर्छ। भेदभावको गन्ध आएमा अर्को पटकको बाटो बन्दप्रायः हुन्छ।

६) सेवा भाव : राजनीतिक नेतालाई शुक्लयजुर्वेदले मर्मवेत्ता भनेको पाइन्छ। मर्मवेत्ता भनेको आम नागरिकको मर्म बुझ्ने नै हो । नागरिकको अवस्था के छ ? कति गर्न सकिन्छ ? कस्तो अवस्थामा समानता र समताको आवश्यकता छ, जानकारी हुनुपर्छ । नागरिकले आफूलाई जिम्मा दिएको काम गरिरहँदा देशको क्षमताले भ्याएसम्म प्रयास गरेको हुनुपर्छ । जनताको सुख र खुसीमा आफ्नो सफलता देख्नुपर्छ।

७) मधुर वाणी : नागरिकले चाहेजस्तो गर्नका लागि भौगोलिक, आर्थिक, सामाजिक, व्यावहारिक आदिले प्रभाव पारेको हुन सक्छ। तर गर्न नसकिनुको कारणलाई राम्रो वचनले भन्न र चित्त बुझाउन सक्नुपर्छ। बोलीमा मिठास, सकारात्मक र सम्मानको भाव हुनुपर्छ । सबै नागरिकलाई जगाउने सम्यक् अभिव्यक्ति दिनुपर्छ । नेतृत्वको बल मीठो र मधुर वाणीमा हुन्छ।

८) लक्ष्यसँग एकाकार : नेतृत्वमा रहने व्यक्तिको लक्ष्य देश र जनताको हितलाई केन्द्रबिन्दुमा राख्नु हो । देश र जनताको अवस्था के छ भन्ने कुरा पटक-पटकका राष्ट्रिय गणनाहरूले देखाएका हुन्छन्। त्यसलाई आधार मानेर राष्ट्रिय योजना आयोगले लक्ष्य र उद्देश्य निर्धारण गरेको हुन्छ। अहिले नेपालमा सोह्रौँ पञ्चवर्षीय योजना चलिरहेको छ । विषयविज्ञको सल्लाह र सुझावबाट कार्यसम्पादनमा सफलता र अनुशासनलाई सँगै हिँडाउन सकिन्छ। राष्ट्रिय लक्ष्य र उद्देश्यलाई नेतृत्वले एकाकार गर्ने नीति ल्याउनुपर्छ।

९) मुमुक्षा : एउटा आध्यात्मिक जागरणमा लागेको व्यक्तिको प्राथमिकता आफ्नै मुक्ति र मोक्षको बाटो प्राथमिकतामा रहन्छ । व्यक्तिका लागि एक जना गुरुको मार्गदर्शन प्रमुख रहला। तर राजनैतिक नेतृत्वको देश र जनता गुरु भएको हुँदा यसैमा निष्ठा, भक्ति र समर्पण हुनुपर्छ। देश र नागरिकको सुखलाई प्राथमिकतामा राखेर दुःखबाट मुक्ति दिलाउने महान् कार्यको अवसर पाउनु ईश्वरको कृपा हो।

अन्त्यमा, पहिलाका नेता अर्थात् सरकारले केही काम गरेनन् भन्ने पटक्कै होइन । हालसम्ममा काम गर्ने धरातलीय जग खडा भएको छ । आवश्यकता र उपलब्धिको तालमेल हुन नसकेको मात्र हो ।

# जेनजी आन्दोलनको क्षति मूल्याङ्कन र पुनर्निर्माण प्रारूप पनि समावेश

काठमाण्डु । सोह्रौँ योजनामा उल्लेखित रणनीति, नीति र कार्यक्रमलाई स्पष्ट जिम्मेवारी, समयसीमा र नतिजासँग जोड्दै कार्यान्वयनलाई नतिजामुखी बनाउने उद्देश्यसहित सरकारले 'सोह्रौँ योजना कार्यान्वयन कार्ययोजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)' सार्वजनिक गरेको छ।

मुलुकको दीर्घकालीन विकास लक्ष्यलाई कार्यान्वयन तहमा रूपान्तरण गर्ने उद्देश्यसहित गत फागुन १२ गतेको मन्त्रिपरिषद् बैठकले सोह्रौँ योजना कार्यान्वयन कार्ययोजना स्वीकृत गरेको थियो । उक्त कार्यान्वयन कार्ययोजना राष्ट्रिय योजना आयोगले आज सार्वजनिक गरेको हो। कार्ययोजनामा आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, सुशासन, समृद्धि र न्यायजस्ता मुख्य क्षेत्रहरूलाई आधार मानेर प्रत्येक क्षेत्रमा रूपान्तरणकारी रणनीति, लक्ष्य, सूचक र विद्यमान अवस्थाको विश्लेषण समेटिएको छ । त्यस्तै, प्रत्येक विषयगत क्षेत्रमा उद्देश्य, रणनीति, कार्यनीति, प्रमुख कार्यक्रम तथा क्रियाकलापलाई स्पष्ट रूपमा वर्गीकृत गरिएको छ।

यस कार्ययोजनाको प्रमुख विशेषता भनेको प्रत्येक क्रियाकलापलाई स्पष्ट जिम्मेवारी, समयसीमा र अपेक्षित नतिजासँग जोडिएको छ । कार्यान्वयन गर्ने निकाय, सहयोगी निकाय, स्रोत, तथा समयतालिकासहितको विस्तृत ढाँचा तयार गरिएको छ । यससँगै प्रभाव, असर र प्रतिफल जस्ता सूचकहरू निर्धारण गरी आधार वर्षको अवस्था र योजना अवधिभरका वार्षिक लक्ष्य तय गरिएको छ । यसले परिणाममा आधारित योजना कार्यान्वयनलाई संस्थागत गर्ने अपेक्षा गरिएको छ । त्यस्तै, कार्यक्रम कार्यान्वयनका क्रममा आउन सक्ने सम्भावित जोखिमहरूको पहिचान र विश्लेषण गरिएको छ। साथै, विभिन्न कार्यक्रमबीचको समन्वयात्मक अतिरिक्त लाभ (सिनर्जी) र विरोधाभाष (ट्रेड-अफ) को विश्लेषण पनि समावेश गरिएको छ। यसका अतिरिक्त, गत भदौ २३ र २४ मा भएको आन्दोलनका क्रममा भएको भौतिक क्षतिको मूल्याङ्कन तथा पुनर्निर्माण कार्यको प्रारूप पनि कार्ययोजनामा समेटिएको छ।



कार्ययोजनाले सङ्घ, प्रदेश र स्थानीय तहबीचको सहकार्यलाई स्पष्ट पार्दै जिम्मेवारी बाँडफाँट र स्रोत परिचालनको मार्गचित्र तयार गरेको छ । यसले सङ्घीयताको प्रभावकारी कार्यान्वयनमा देखिएका दोहोरोपन, ढिलासुस्ती र स्रोतको दुरूपयोग जस्ता समस्याहरूकम गर्ने अपेक्षा गरिएको छ । योजनामा सार्वजनिक लगानी व्यवस्थापन, बजेट कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने दिशामा स्पष्ट प्रावधान राखिएको छ । डिजिटल प्रविधिको प्रयोग, सामाजिक उत्तरदायित्व र नागरिक सहभागिता बढाउँदै पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने लक्ष्य पनि राखिएको छ।

यस कार्ययोजनाले सोह्रौँ योजनाका नीतिगत मान्यता र कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा लैजाने मूल उद्देश्य लिएको छ । जसमा विषयगत रणनीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु, छरिएका र अस्पष्ट विषयवस्तुलाई एकीकृत र सरलीकृत बनाउनु, मन्त्रालय तथा निकायको भूमिका स्पष्ट गरी कार्यान्वयन क्षमता अभिवृद्धि गर्नुलगायत छन् ।


त्यस्तै, स्रोत साधनको प्रभावकारी परिचालन सुनिश्चित गर्नु, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटसँग योजनालाई आबद्ध गर्नु, नतिजा खाका तयार गरी मूल्याङ्कन र प्रतिवेदन प्रणाली सुदृढ गर्नुलगायतका विषयलाई पनि कार्ययोजनाको प्राथमिकतामा राखिएको छ । सोह्रौँ योजना समग्र रूपमा १३ वटा रूपान्तरणकारी क्षेत्रमा आधारित छ। जसमा उत्पादन क्षमता वृद्धि, रोजगारी सिर्जना, सामाजिक समावेशिता, वातावरणीय सन्तुलन, पूर्वाधार विकास र सुशासनलाई योजनाको केन्द्रमा राखिएको छ।

यो कार्ययोजना तर्जुमा प्रक्रियामा विगतका योजनाको समीक्षा, सङ्घीयताको कार्यान्वयन अवस्था, दिगो विकास लक्ष्य, र नेपाललाई अति कम विकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने रणनीतिहरूको अध्ययन गरिएको जनाइएको छ। त्यस्तै, निजी क्षेत्र, सहकारी क्षेत्रलगायत सरोकारवालासँग परामर्श गरी कार्यान्वयनयोग्य कार्यक्रम छनोट र प्राथमिकता निर्धारण गरिएको उल्लेख छ।

आर्थिक वर्ष २०८५/८६ भित्र मुलुकको अर्थतन्त्रको आकार रु १०३ खर्ब हाराहारी पुऱ्याउन करिब रु ११२ खर्ब लगानी आवश्यक पर्ने गरी सोह्रौँ पञ्चवर्षीय आवधिक योजना कार्यान्वयनमा छ । सोह्रौँ पञ्चवर्षीय आवधिक योजनाले राखेको लक्ष्यअनुसारको वृद्धिदर हासिल भई मुलुकको अर्थतन्त्र विस्तार हुँदा योजनाको अन्तिम वर्ष जिडिपीको आकार सय खर्ब नाघ्नेछ।

"सोह्रौँ योजना अवधिमा आधार भूत मूल्यमा औसत सात दशमलव एक प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न कूल स्थिर पुँजी लगानी आव २०८०/८१ को मूल्यमा रु ९४ खर्ब ८२ अर्ब ६६ करोड आवश्यक पर्ने अनुमान गरिएको छ", सोह्रौँ योजनामा भनिएको छ, "समग्र लगानीलाई प्रचलित मूल्यमा परिणत गर्दा योजना अवधिमा कूल रु १११ खर्ब ८४ अर्ब २३ करोड आवश्यक पर्ने अनुमान छ।"रासस

## उपराष्ट्रपति यादवसँग प्रदेश प्रमुखहरूको सामूहिक भेट



काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग कोशी प्रदेशका प्रमुख पर्शुराम खापुङ, बागमती प्रदेशका प्रमुख दीपकप्रसाद देवकोटा र सुदूरपश्चिम प्रदेशका प्रमुख नजिर मियाँले शिष्टाचार भेट गर्नुभएको छ।

लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालय पुगेर उहाँहरूले उपराष्ट्रपति यादवसँग मंगलबार सामूहिक भेट गर्नुभएको हो। भेटमा उपराष्ट्रपति यादव र प्रदेश प्रमुखहरूबीच शुभकामना आदान-प्रदानपश्चात देशको वर्तमान परिस्थिति तथा समसामयिक विषयहरूमा महत्त्वपूर्ण छलफल भएको उपराष्ट्रपतिको सचिवालयले जनाएको छ ।रासस

## निर्वाचनमा प्रयोग नभएका चालीस प्रतिशत मतपत्र धुल्याइने

काठमाण्डु । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रयोग नभएको करिब ४० प्रतिशत मतपत्र धुल्याइने भएको छ।

प्रतिनिधिसभा निर्वाचनमा ५९ प्रतिशत मत खसेकाले पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) र समानुपातिक निर्वाचन प्रणालीका लागि छापिएकामा ४० प्रतिशत मतपत्र प्रयोगविहीन भएका हुन्। निर्वाचनका लागि कूल एक करोड ८९ लाख तीन हजार ६६९ मतदाता रहेकामा आयोगले दुवै प्रणालीका लागि मतदाता सङ्ख्याभन्दा सात प्रतिशत बढी हुने गरी जनक शिक्षा सामग्री केन्द्रमार्फत मतपत्र छपाइ गरेको थियो। आयोगले प्रत्यक्षतर्फ दुई करोड तीन लाख २३ हजार र समानुपातिकतर्फ दुई करोड आठ लाख ४३ हजार गरी




चार करोड ११ लाख ४३ हजार मतपत्र छपाइ गरी सम्बन्धित निर्वाचन क्षेत्रमा ढुवानी गरेको थियो ।आयोगका अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक करोड ११ लाख ६८ हजार ३२ मतदान भएको र त्यसमध्ये करोड पाँच लाख नौ हजार १७ (९४ दशमलव ५५ प्रतिशत) मत सदर भएको छ। त्यस्तै समानुपातिक निर्वाचन प्रणालीतर्फ एक करोड १२ लाख ८० हजार ६१७ मतदान भएकोमा एक करोड आठ लाख ३५ हजार २५ (९६ दशमलव ०५ प्रतिशत) मत सदर भएको थियो।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले सामान्यतः मतदाताको सङ्ख्याभन्दा बढी सङ्ख्यामा मतपत्र छापिने अभ्यासबमोजिम यस पटक पनि चार करोड ११ लाख ४३ हजार मतपत्र छापिएकामा प्रयोग नभएका मतपत्र कानुनी प्रबन्धबमोजिम तत्तत् क्षेत्रमा धुल्याउने प्रक्रियामा जाने बताउनुभयो। मतदाताभन्दा बढी मतपत्र छपाइ भएकामा कुनै दुरूपयोग त भएन ? वा निर्वाचनको निष्पक्षतामा प्रश्न उठ्छ कि ? भन्ने कतिपयले प्रश्न उठाएको सन्दर्भमा प्रवक्ता भट्टराईले भन्नुभयो, "शङ्का त गर्न पाइयो तर निर्वाचनको निष्पक्षतामा कुनै शङ्का छैन। हामीले प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाइसेको र कुनै दल वा पक्षबाट औपचारिकरूपमा त्यस्तो प्रश्न नआएकाले मतपत्र खेर गयो भन्ने आधारमा कुनै शङ्का गर्नु उचित हुँदैन।"जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले पाठ्यपुस्तक छपाइलगायत नियमित कामका अतिरिक्त राष्ट्रको जिम्मेवारीलाई बोध गर्दै आयोगको कार्यादेशबमोजिम दैनिक १३ लाख मतपत्र छपाइ गरी सुरक्षितरूपमा समयमै हस्तान्तरण गरिएको बताउनुभयो। उहाँले मतपत्र छपाइको कामले केन्द्रलाई घाटापूर्ति गर्न पनि सघाएको बताउनुभयो।

'सरकारी कागजात धुल्याउने नियमहरू, २०२७ (पहिलो संशोधन, २०७०' मा धुल्याउने भन्नाले 'सरकारी कार्यालयमा रहेको कागजातमा लेखिएको व्यहारो पढ्न, बुझ्न वा त्यसको कुनै उपयोग गर्न नसकिने गरी रद्द गर्ने कार्यलाई सम्झनुपर्छ र सो शब्दले त्यस्तो कागजलाई आगोमा डढाउने कार्यसमेत जनाउँछ' भनिएको छ।सो कानुनअनुसार सम्बन्धित कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको कागजातहरूअवधि पुगेपछि 'नेपाल सरकारको कुनै हानि-नोक्सानी नहुनेदेखि धुल्याउन उचित ठहऱ्याएका जति कागजातहरू काम तामेल भई सकेपछि जुनसुकै बखत धुल्याउन धुल्याउन आदेश दिन सक्ने' व्यवस्था छ। धुल्याउने कागजातहरूलीलाम बिक्री पनि गर्न सकिने भनिएको छ। कानुनमा काम तामेल भएको तीन महिनापछि धुल्याउने कागजातहरूको वर्गीकरण गरिएको छ। 'नक्सा र डिजाइनसम्बन्धी तथ्याङ्कबाहेक कुनै निर्माण कार्यसम्बन्धी योजना, सम्झौता, ठेक्का पट्टा, अनुदानसम्बन्धी कागजात सो कार्य पूरा भएपछि लेखापरीक्षण गराउनुपर्ने भए गराइ अन्तिम रूपमा फर फारख भएपछि र लेखा परीक्षण गराउनुपर्नेमा सम्बन्धित कार्य पूरा भएपछि धुल्याउने व्यवस्था छ। राष्ट्रका लागि अभिलेखमूलक काजगात कहिल्यै नधुल्याउन नपाउने भनिएको छ। आयोगले विसं २०७९ मा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि चार/चार करोड मतपत्र छपाइ भएकामा करिब ६२ प्रतिशत मतदान भई बाँकी मतपत्र प्रयोगविहीन भएको थियो।रासस

## भाखा नाघेको कर्जा वझाउने वारे कृषि विकास वैंक लि. मधेश प्रदेश कार्यालय जनकपूरधामको २१ दिने सुचना

यस बैंकको तपशिलको कार्यालयबाट तपशिल बमोजीमका व्यक्ति तथा संस्थाहरुले निम्न उद्देश्यका लागी विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा ,ब्याज तथा बैकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सुचना प्रकाशीत भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सुचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन,२०७३, कृषि विकास बैक लि. को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलामी बिक्री वा अन्य व्यवस्था गरी बैङकको सम्पूर्ण लेना रकम असुल उपर गरिने जानकारी गराउदछौं। साथै तपशिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सुचनाद्वारा जानकारी गराईएको छ।

तपशिल

**सम्वन्धित कार्यालय :( कृषि विकास वैंक लि., शाखा कार्यालय, गौशाला (महोत्तरी)**

| क्र.सं. | कर्जा ग्राहकको नाम | फा.नं. | आई.डि.नं. | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | कर्जाको उद्देश्य | सावा रकम रु. | २०८२ फाल्गून मसान्त सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नु पर्ने रकम | धितो मञ्जुरीनामा दिने /जमानत वस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मूकेश कुमार यादव | ११३०९ | ९५६८५७ | सौखीलाल यादव | रुदल राय | श्रीपुर ०२ | उपभोक्ता भण्डार | १९,५१,९७९।६८ | १७,००,३८३।०२ | ३६,५५,३६२।७ | १) दिपेन्द्र राय |
| २ | किसुनबती देवी थारु | | ९५७०६१ | प्रदिप कुमार चौधरी | छनहरु चौधरी | निगौल ०४ | भैसीपालन | ९९,९१६ | १,२८,५२७।०२ | २,२७,६९६।०२ | |
| ३ | रेखा कुमारी यादव | ११३४५ | ९५७०२९ | विरेन्द्र कुमार यादव | ज्ञानी राय यादव | सोनमा ०२ | भैसीपालन | ६२,६३६ | १,३०,९१०।७१ | १,९३,५४७।५ | |
| ४ | आर.पि.एम.फिक्स इट्टा उद्योग (प्रो. लक्षमण मण्डल) | ११५८८ | ९५७०२९ | राम वंक्ष मण्डल | भिखारी मण्डल | रामगोपालपुर ०५ | उद्योग कर्जा | ३७,००,०००।०० | १७,०७,५४८।६३ | ५४,०७,५४८।६३ | १) विजय कुमार मण्डल २) गंगाराम मण्डल ३) पवित्र मण्डल ४) सरस्वती देवी |
| ५ | बजरंगबली भैसी पालन ( प्रो. गंगाराम मण्डल) | ११८५९ | १५४५९७७ | राम प्रगास मण्डल | रामवृक्ष मण्डल | रामगोपालपुर ०५ | भैसीपालन | २०,००,०००।०० | ९,२५,७९८।९६ | २९,२५,७९८।९६ | १) तेतरी देवी मण्डल |
| ६ | मदिना किराना पसल ( प्रो. कासिम मंसूर) | ११८५५ | १५४०१५९ | महबूल मंसूर | बतहू मंसूर | सुन्दरपुर-०३ | व्यापार कर्जा | २०,००,०००।०० | ७,२९,०९२।४५ | २७,२९,०९२।४५ | मोसतकिमा खातुन |
| ७ | डि.एस.ईनटरप्राइजेज ( प्रो. देव कुमार महतो) | ११७९१ | १२९२९१५ | गंगाराम महतो | वावूजी महतो | गौशाला ०१ | व्यापार कर्जा | ३०,००,०००।०० | ४,८२,८३९।४ | ३४,८२,८३९।४ | १) देव कुमार महतो २) सिर्जना सिंह |
| ८ | भगवती कोल्ड स्टोर (प्रो. पिंकी चौधरी) | १२०७० | १९९१५११ | शिवजी चौधरी | प्रदिप चौधरी कल्वार | पर्सा देवाड-०२ | व्यापार कर्जा | १८,००,०००।०० | ४,९७,६८९।११ | २२,९७,६८९।११ | १) पिंकी चौधरी २) शिवजी चौधरी ३) भुलनी देवी कल्वारीन |
| ९ | जागेश्वर मण्डल | ११२९२ | ९५६८४५ | लखन मण्डल | सरजुग मण्डल | गौशाला ०१ | सरल कृषि कर्जा | १,२०,०००।०० | १०,२८९।९२ | १,३०,२८९।९२ | |
| १० | पप्पु बहुउद्येश्य कृषि पशुपालन फर्म ( प्रो. सुमिन्द्रा देवी राय) | १२०६६ | १९८६४५८ | नवधारी राय | बाबुलाल राय | औरही-०६ | यूवा कृषि कर्जा | १८,२८,०००।०० | १,०३,१८७।३६ | १९,३१,१८७।३६ | श्याम किशोर यादव |
| ११ | बिल्टू साह | १०४०७ | ९५६५९२ | रामकिसुन राय | | रघुनाथपुर-०३ | सरल कषि कर्जा | २,३५,०००।०० | ७,८३०।०१ | २,४२,८३०।०१ | |
| १२ | जय हनुमान गल्ला भण्डार ( प्रो.विरेन्द्र चौधरी) | ११९६९ | १७९६१२१ | जागेश्वर चौधरी | श्री प्रसाद चौधरी | औरही-०१ | व्यापार कर्जा | १७,००,०००।०० | २,७०,०९३।५४ | १९,७०,०९३।५४ | १) विरेन्द्र चौधरी २)वनारसी चौधरी |
| १३ | राज कुमारी कृषि तथा पशुपंक्षी फर्म (प्रो. राज कुमर देवी) | १२०५६ | १९७४८०४ | गगन देव राय | जैसिलाल राय | औरही-०३ | यूवा कृषि कर्जा | १७,९७,११४।९३ | ८२,११३ | १८,७९,२२७।९३ | १) राज कमर देवी २) गगनदेव राय |
| १४ | रविन्द्र कुमार साह | ५१०३ | ९५७३०७ | राम पुकार साह | बिल्टु साह | निगौल-०२ | व्यापार कर्जा | ४,००,०००।०० | १४,४३८।६६ | ४,१४,४३८।६६ | |
| १५ | साईबाबा फेन्सी स्टोर्स (प्रो. रामबाबु यादव) | ११५८४ | ९५७०२६ | राम प्रगास राय यादव | मौजे राय यादव | गौशाला-०२ | व्यापार कर्जा | १८,८०,०००।०० | ८५,४५१।४० | १९,६५,४५१।४० | १) रामबाबु यादव २) राम प्रगास राय यादव ३) श्याम बाबु यादव |
| १६ | देव सूनर देवी | ११६५९ | ९५७०९४ | राम शरण मण्डल | बुझाउन मण्डल | गौशाला -०२ | सरल कृषि कर्जा | ५,८९,१६६।७३ | ७,५४६।५१ | ५,९६,७१३।२४ | |
| १७ | न्यु कुशवाहा ईलेक्ट्रीक सेन्टर ( प्रो. सविता कु. देवी) | १२०६५ | १९८६३४७ | राजा राम महतो | मन्नु लाल महतो | गौशाला-०४ | व्यापार कर्जा | ७,००,०००।०० | २६,७१४।०७ | ७,२६,७१४।०७ | १.सविता कुमारी देवी २.सोनवती देवी |
| १८ | राम रती देवी | ९८५३ | ९५६५४६ | ञनारायण ठाकुर | दशैं ठाकुर | सोनामाई-०५ | ३रायसी कर्जा | १,९८,२००।२८ | ४,८३५।३१ | २,०३,०३५।५९ | |
| १९ | राम विनोद यादव | ११८०९ | १२८००२८ | रिझन राय यादव | जगदेव राय | सुन्दरपुर -०९ | सरल कृषि कर्जा | ६,००,०००।०० | ५४,०९४।०५ | ६,५४,०९४।०५ | |
| २० | जागेन्द्र ठाकुर हजाम | ११८२३ | १२९२६७० | रामवृक्ष ठाकूर | नारायण ठाकूर | निगौल-०७ | घरायसी कर्जा | १४,००,०००।०० | १,४५,३१७।८ | १५,४५,३१७।८ | जागेन्द्र ठाकुर हजाम |
| २१ | सौखी लाल राय यादव | ११९१२ | १७२७१८४ | किशोरी राय यादव | किसुन राय यादव | खैरबन्नी -०७ | सरल कृषि कर्जा | १०,००,०००।०० | ११,२८५।४८ | १०,११,२८५।४८ | |
| २२ | राम गोपाल राय यादव | ११९७४ | १७९२०२४ | देव नारायण राय यादव | मातवर राय यादव | सुन्दरपुर-०६ | सरल कृषि कर्जा | १०,००,०००।०० | ३०,०५९।७३ | १०,३०,०५९।७३ | |
| २३ | महमुद अंसारी | ११९८८ | १८४४४५५ | मो. साहिद अंसारी | चुल्हाई अन्सारी | सोनमा -०३ | सरल कृषि कर्जा | १०,००,०००।०० | ९६,७४८।७६ | १०,९६,७४८।७६ | फातमा खातुन |
| २४ | पवन देवी | १२०८० | ५००४२८८ | कामेश्वर महतो | बाबुलाल महतो | गौशाला -०८ | सरल कृषि कर्जा | १०,००,०००।०० | ३१,६५०।३५ | १०,३१,६५०।३५ | आदर्शमान सिंह |
| २५ | सूजित कूमार यादव | १२०७४ | १९९३५३३ | राजदेव यादव | नथुनी राय | औरही-०१ | सरल कृषि कर्जा | १०,००,०००।०० | २१,३७४।०८ | १०,२१,३७४।०८ | इन्दू देवी यादव |
| २६ | सिता देवी | ११५२६ | ९५६९८२ | चन्दे राय | राजेन्द्र राय यादव | सोनामाई-०१ | सरल कृषि कर्जा | ९,५०,०००।०० | २३,५१८।८४ | ९,७३,५१८।८४ | वैदेहि शर०ा यादव |
| २७ | अमन माछा फर्म ( प्रो. विद्यानन्द यादव) | १२१३६ | ५३४३१३५ | नवल किशोर यादव | राम देरेश यादव | सोनामा-०३ | माछा पालन कर्जा | ६,६६,९००।०० | १३,०८५।५१ | ६,७९,९८५।५१ | १) विद्यानन्द यादव २) पुना देवी यादव ३) अनिकेत कुमार यादव |
| २८ | जिरिया देवी | ११३४३ | ९५६८७५ | सत्य नारायण साह | लक्ष्मी साह | गौशाला-०५ | सरल कृषि कर्जा | २,२५,०००।०० | २,९३७।३९ | २,२७,९३७।३९ | |
| २९ | सत्यनाराय०ा राय | १०७६१ | ९५६६५२ | सोन्फी राय | बद्री राय | खैरबनी-०३ | सरल कृषि कर्जा | १,२५,०००।०० | २५५६।३७ | १,२७,५५६।३७ | |
| ३० | सूबोध राय | ११५९५ | ९५७०३६ | राम नन्दन राय | गेना राय | सुन्दरपुर-०९ | ३रायसी कर्जा | १,२५,०००।०० | ३,५५७।२९ | १,२८,५५७।२९ | |
| ३१ | हामिद नदाफ धूनिया | ११८६६ | १५८४४०० | जुमान नदाफ | जिम्दार नदाफ | सोनामा-०८ | सरल कृषि कर्जा | ९,९०,०००।०० | २३,२१७।५० | १०,१३,२१७।५० | मुस्तफा नदाफ |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)

# टोङ्गा नजिक ७.६ म्याग्निच्युडको भूकम्प

एपी

वेलिङ्टन। दक्षिण प्रशान्त महासागरको टोङ्गा नजिकै शक्तिशाली भूकम्प गएपछि स्थानीय प्रशासनले तटीय क्षेत्र खाली गराउन चेतावनी जारी गरेको छ। ७.६ म्याग्निच्युडको यो भूकम्पले क्षेत्रीय रूपमा त्रास फैलाए पनि हालसम्म ठूलो क्षति वा सुनामीको खतरा नदेखिएको जनाइएको छ।अमेरिकी भूगर्भ सर्वेक्षण (युनाइटेड स्टेट्स जियोलोजिकल सर्भे) का अनुसार भूकम्प मङ्गलबार साँझ स्थानीय समयअनुसार करिब २३७ किलोमिटर गहिराइमा गएको हो। सामान्यतया सतही भूकम्प बढी महसुस हुने भए पनि यस भूकम्पको गहिराइ बढी भएकाले सतहमा प्रभाव केही सीमित भएको अनुमान गरिएको छ।

भूकम्पको केन्द्र टोङ्गाको दोस्रो ठूलो सहर नियाफुबाट करिब १५३ किलोमिटर पश्चिम समुद्रमा रहेको बताइएको छ। प्रारम्भिक विवरणअनुसार कुनै ठूलो क्षति वा मानवीय हताहतको पुष्टि भएको छैन।टोङ्गाको राष्ट्रिय विपद् जोखिम व्यवस्थापन कार्यालयले तल्लो तटीय क्षेत्रका बासिन्दालाई तुरुन्तै उच्च स्थान वा भित्री भागमा सर्न निर्देशन दिएको छ। कार्यालयले समुद्र तट, किनार क्षेत्र र न्यून उचाइका स्थानहरूबाट टाढा रहन आग्रह गरेको छ र स्थिति सामान्य नभएसम्म सतर्क रहन भनेको छ।

यद्यपि अमेरिकी भूगर्भ सर्वेक्षणले यस भूकम्पपछि सुनामीको औपचारिक चेतावनी जारी गरेको छैन। हवाईस्थित प्यासिफिक सुनामी चेतावनी केन्द्रले पनि भूकम्प गहिराइमा भएकाले सुनामीको जोखिम नरहेको जनाएको छ।टोङ्गा पोलिनेसियामा अवस्थित एक द्वीपसमूह हो। यहाँ १७१ टापुहरू रहेका छन् र एक लाखभन्दा बढी जनसङ्ख्या बसोबास गर्छ। अधिकांश मानिसहरू मुख्य टापु टोङ्गाटापुमा बस्छन्। मङ्गलबारको भूकम्प भने भाभाउ टापु समूह नजिक केन्द्रित भएको छ।

# किमको कडा आणविक अडान

एएफपी

सियोल। उत्तर कोरियाले आफ्नो आणविक कार्यक्रम कुनै हालतमा नछोड्ने स्पष्ट सन्देश दिएको छ। देशका नेता किम जोङ उनले आणविक शक्तियुक्त राष्ट्रका रूपमा आफ्नो स्थिति 'अपरिवर्तनीय' रहेको घोषणा गर्दै दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकालाई कडा चेतावनी दिनुभएको छ।सर्वोच्च जनसभामा नीतिगत सम्बोधन गर्दै किमले शत्रु शक्तिविरुद्धको सङ्घर्षलाई अझ आक्रामक बनाउने बताउनुभयो। उहाँले संविधानले दिएको जिम्मेवारीअनुसार आत्मरक्षात्मक आणविक प्रतिरोधलाई अझ विस्तार र सुदृढ बनाइने स्पष्ट पार्नुभयो। उहाँका अनुसार उत्तर कोरिया अब आणविक शक्ति त्याग्ने दिशामा कहिल्यै जानेछैन।

किमले अमेरिकाले इरानमाथि गरेको सैन्य कारबाहीलाई 'राज्य आतङ्कवाद' को उदाहरणका रूपमा उल्लेख गर्दै विश्वव्यापी रूपमा शक्ति प्रदर्शन गर्ने प्रवृत्तिको आलोचना गर्नुभयो। संयुक्त राज्य अमेरिका र इजरायलले भने इरानमाथिको आक्रमण आणविक हतियार विकास रोक्नका लागि भएको दाबी गर्दै आएका छन्, तर तेहरानले त्यस्तो आरोप अस्वीकार गर्दै आएको छ।वर्षौंको अन्तर र्राष्ट्रिय प्रतिबन्ध र कूटनीतिक अलगावका बाबजुद उत्तर कोरियासँग दर्जनौं आणविक हतियार र थप उत्पादन गर्न सक्ने सामग्री रहेको अनुमान गरिएको छ। यसले ठोस इन्धनयुक्त अन्तरमहाद्वीपीय ब्यालेस्टिक क्षेप्यास्त्रसहित उन्नत प्रक्षेपण प्रणाली विकास गरेको छ, जसले कम समयमै प्रहार गर्न सक्ने क्षमता राख्दछ। उत्तर कोरियाले हालसम्म छ वटा परमाणु परीक्षण गरिसकेको छ।

हालै राज्य मामिला आयोगको प्रमुखका रूपमा पुनः नियुक्त भएपछि किमले दक्षिण कोरियाप्रति पनि कडा धारणा प्रस्तुत गर्नुभएको छ। उहाँले दक्षिण कोरियालाई 'सबैभन्दा शत्रु राष्ट्र' घोषणा गर्दै पूर्ण रूपमा अस्वीकार र बेवास्ता गरिने बताउनुभयो। दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले बिना पूर्वशर्त वार्ताको प्रस्ताव बारम्बार गरे पनि प्योङयाङले त्यसलाई बेवास्ता गरेको छ।किमले आफ्नो देशविरुद्ध हुने कुनै पनि कदमको 'निर्दयी' जवाफ दिइने चेतावनी दिँदै कुनै हिचकिचाहट नराखिने उल्लेख गर्नुभयो। उहाँका अभिव्यक्तिले कोरियाली प्रायद्वीपमा सुरक्षा चुनौती थप गहिरिने सङ्केत गरेको छ।



कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका विश्लेषक होङ मिनका अनुसार किमको पछिल्लो अभिव्यक्ति हालैका अमेरिकी सैन्य गतिविधिप्रति गहिरो चिन्ता झल्काउने सङ्केत हो। उहाँले इरान र भेनेजुएलासँग सम्बन्धित घटनाहरूले उत्तर कोरियालाई आफ्नो आणविक कार्यक्रम अझ अघि बढाउन प्रेरित गरेको विश्लेषण गर्नुभयो।यसैबीच, वासिङ्टनले पछिल्ला महिनाहरूमा प्योङयाङसँग उच्चस्तरीय वार्ता पुनः सुरु गर्ने प्रयास गर्दै आएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र किमबीच विशेषगरी बेइजिङ भ्रमणका सन्दर्भमा सम्भावित भेटवार्ताको चर्चा पनि चलिरहेको छ।

किमले अमेरिकामाथि क्षेत्रीय सुरक्षालाई कमजोर बनाउने आरोप लगाउँदै आफ्नो देश वरपर आणविक रणनीतिक साधनहरूको तैनाथी बढाइएको बताउनुभयो। उहाँले विश्वभर अमेरिकाले 'आक्रामकता र हस्तक्षेप' गरिरहेको आरोप पनि लगाउनुभयो।राज्य सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिरहरूमा किमलाई औपचारिक पोशाकमा संसद्मा उपस्थित सांसदहरूको अभिवादन स्वीकार गर्दै गरेको देखाइएको छ। किम सन् १९४८ मा स्थापना भएको उत्तर कोरियाली शासनका तेस्रो पुस्ताका नेता हुनुहुन्छ र सन् २०११ देखि सत्तामा हुनुहुन्छ।

आर्थिक पक्षमा किमले औद्योगिक उत्पादन १.५ गुणाले वृद्धि गर्ने लक्ष्य लिएको बताउनुभएको छ। उहाँका अनुसार पछिल्ला पाँच वर्षमा अर्थतन्त्रमा उल्लेखनीय प्रगति भएको छ र विभिन्न कठिनाइ पार गर्दै प्रमुख उद्योगहरूको पुनःसंरचना गरिएको छ।उहाँले आणविक कार्यक्रम कायम राख्दै पनि आर्थिक समृद्धि हासिल गर्न सकिन्छ भन्ने दाबी गर्दै विरोधी शक्तिहरूको तर्कलाई खारेज गर्नुभयो। साथै सन् २०२६ मा कुल बजेटको १५.८ प्रतिशत रक्षा क्षेत्रमा खर्च गरिने जानकारी पनि दिनुभयो। यो अघिल्लो वर्षभन्दा केही बढी हो।यसरी किमको पछिल्लो अभिव्यक्तिले उत्तर कोरियाले आणविक नीतिमा कुनै नरमी नदेखाउने र क्षेत्रीय तथा विश्व सुरक्षा सन्तुलनमा थप तनाव सिर्जना गर्ने स्पष्ट सङ्केत दिएको छ।

# कोलम्बियामा सैन्य विमान दुर्घटना : ६६ को मृत्यु



एपी

बोगोटा। कोलम्बियाको दुर्गम अमेजन क्षेत्र पोर्टो लेगुइजामो नजिकै भएको सैन्य यातायात विमान दुर्घटनाले देशलाई गहिरो शोकमा डुबाएको छ। एक सय २८ जना सवार रहेको विमान उडेको केही समयमै दुर्घटनाग्रस्त हुँदा कम्तीमा ६६ जनाको मृत्यु भएको पुष्टि गरिएको छ भने दर्जनौं घाइते भएका छन्।कोलम्बियाका सशस्त्र बल प्रमुख ह्युगो अलेजान्द्रो लोपेज ब्यारेटोले दुर्घटनामा ६६ जना सैनिकको ज्यान गएको जानकारी दिनुभयो। उहाँका अनुसार अझै चार जना सैनिक बेपत्ता रहेका छन्। "यो अत्यन्त दुःखद घटना हो, जसले हाम्रो सेनामा ठूलो क्षति पुर्‍याएको छ", उहाँले भन्नुभयो।

उहाँले प्रारम्भिक अनुसन्धानका आधारमा यो घटना कुनै अवैध सशस्त्र समूहको आक्रमणका कारण भएको देखिँदैन भन्दै त्यस्तो कुनै सङ्केत हालसम्म नदेखिएको स्पष्ट पार्नुभयो।दुर्घटनास्थल पोर्टो लेगुइजामो, पुतुमायो प्रान्तमा पर्छ। यो इक्वेडर र पेरुको सीमासँग जोडिएको दुर्गम अमेजन क्षेत्र हो। स्थानीय उपमेयर कार्लोस क्लारोसले मृतकहरूको शव सानो सहरको शवगृहमा राखिएको र सीमित स्वास्थ्य पूर्वाधारका कारण घाइतेहरूलाई प्राथमिक उपचारपछि ठूला सहरतर्फ पठाइएको बताउनुभयो। उहाँले स्थानीय बासिन्दाहरूले उद्धारमा सक्रिय सहयोग गरेको भन्दै आभार व्यक्त गर्नुभयो।

कोलम्बियाका रक्षामन्त्री पेद्रो सान्चेजले दुर्घटनाग्रस्त विमानले पुतुमायोको अर्को क्षेत्रमा सेना लैजाँदै गरेको जानकारी दिनुभयो। विमानमा ११५ जना सैनिक, ११ जना चालक दलका सदस्य र दुई जना राष्ट्रिय प्रहरी सवार थिए। दुर्घटनापछि ५७ जनालाई जीवितै उद्धार गरिएको बताइएको छ। दुर्घटनापछि सार्वजनिक भएका तस्बिर र भिडियोहरूमा दुर्घटनास्थलबाट बाक्लो कालो धुवाँ उठिरहेको देखिन्छ भने सैनिकहरू र स्थानीय बासिन्दाहरू उद्धार तथा आगो निभाउने प्रयासमा जुटेको दृश्य देखिन्छ। केही घाइतेहरूलाई मोटरसाइकलमार्फत हतारमा सुरक्षित स्थानतर्फ सारिएको थियो।

कोलम्बियाको वायु सेनाका कमान्डर कार्लोस फर्नान्डो सिल्भाले दुर्घटनाको कारणबारे अझै स्पष्ट हुन नसकेको बताउनुभयो। उहाँका अनुसार विमानमा प्राविधिक समस्या आएको र विमानस्थलबाट करिब दुई किलोमिटर टाढा खसेको हो। घाइतेहरूको उद्धारका लागि विशेष विमानमार्फत राजधानी बोगोटा लगायतका अस्पतालहरूमा सारिएको छ।दुर्घटनालाई लिएर राष्ट्रपति गुस्ताभो पेट्रोले सैन्य उपकरणको आधुनिकीकरण आवश्यक रहेको पुनः जोड दिनुभयो। उहाँले प्रशासनिक कमजोरी र ढिलासुस्तीका कारण सुधारका प्रयासहरू अवरुद्ध भएको उल्लेख गर्दै जिम्मेवार अधिकारीलाईजवाफदेहीबनाउनुपर्ने सङ्केत गर्नुभयो।

यद्यपि विपक्षीहरूले भने बजेट कटौतीका कारण सैन्य उडान समय घट्दा अनुभवहीन चालक दलका सदस्यहरू बढेको र त्यसले जोखिम बढाएको तर्क गरेका छन्।

उड्डयन तथा सैन्य विश्लेषक एरिक सौमेथका अनुसार दुर्घटनाग्रस्त 'हकुलुलस सी-१३०' विमान सन् २०२० मा अमेरिकाले कोलम्बियालाई उपलब्ध गराएको थियो र त्यसपछि यसको विस्तृत मर्मतसम्भार पनि गरिएको थियो। उहाँले विमानमा प्रयोग गरिएका उपकरण वा पार्ट्सको कमीका कारण दुर्घटना भएको सम्भावना कम रहेको बताउँदै इन्जिन किन उडानपछि छिट्टै असफल भयो भन्नेबारे अनुसन्धानले स्पष्ट पार्नुपर्ने उल्लेख गर्नुभयो।

# इरान-इजरायल तनाव थप चर्कियो

एएफपी

तेहरान। मध्यपूर्वमा युद्धविरामको सम्भावना झल्किएको केही घण्टामै इरानले इजरायलमाथि नयाँ क्षेप्यास्त्र प्रहार गरेपछि क्षेत्रीय तनाव फेरि तीव्र बनेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'धेरै राम्रो' वार्ता भइरहेको दाबी गर्नुभएको भए पनि तेहरानले औपचारिक रूपमा कुनै संवाद नरहेको स्पष्ट पारेको छ।ट्रम्पले इरानसँग युद्ध अन्त्यका लागि गोप्य वार्ता भइरहेको उल्लेख गर्दै पाँच दिनभित्र सहमति नभए कडा सैन्य कदम चालिने चेतावनी दिनुभएको थियो। उहाँको उक्त अभिव्यक्तिले विश्व बजारमा सकारात्मक सङ्केत देखिएको थियो भने तेलको मूल्यमा पनि गिरावट आएको थियो। तर इरानले भने यस्तो दाबी अस्वीकार गर्दै यसलाई बजारमा प्रभाव पार्ने प्रयासका रूपमा व्याख्या गरेको छ।

अमेरिकी पक्षले इरानका उच्च तहका नेतासँग संवाद भइरहेको जनाएको थियो। केही सञ्चारमाध्यमले इरानी संसद्



का सभामुख मोहम्मद बाघेर गालिबाफलाई वार्ताको प्रमुख पात्रका रूपमा उल्लेख गरेका छन्। साथै अमेरिकी प्रतिनिधिहरू स्टिभ विटकफ र जारेड कुशनरले पाकिस्तानमा सम्भावित भेटवार्ता गर्न सक्ने चर्चा पनि गरिएको छ। यद्यपि ह्वाइट हाउसले औपचारिक पुष्टि नगरेसम्म यस्ता विवरणलाई अन्तिम मान्न नहुने बताएको छ।यसैबीच, पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफले इरानी राष्ट्रपति मसुद पेजेस्कियानसँग संवाद गर्दै क्षेत्रीय शान्तिका लागि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ। तर इरानका अधिकारीहरूले प्रत्यक्ष वार्ता नभएको दोहोर्‍याइरहेका छन्।

इजरायलतर्फ भने प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले अमेरिकासँग सहमति सम्भव भएको सङ्केत पाए पनि आफ्नो देशको सुरक्षाका लागि इरान र लेबनानमा सैन्य कारबाही जारी रहने बताउनुभएको छ। उहाँका अनुसार हालको सैन्य उपलब्धिलाई कूटनीतिक अवसरमा रूपान्तरण गर्न सकिने अवस्था देखिएको छ। मङ्गलबार बिहान इरानी सरकारी सञ्चारमाध्यमहरूले इजरायलमाथि नयाँ क्षेप्यास्त्र आक्रमण भएको जानकारी दिएका छन्। इजरायलको उत्तर क्षेत्रमा केही संरचनामा क्षति पुगेको भए पनि मानवीय क्षति नभएको जनाइएको छ। उता, लेबनानमा इजरायलले दक्षिण बेरुतमा लगातार हवाई आक्रमण गरेको विवरण सार्वजनिक भएको छ।

यसअघि ट्रम्पले इरानको ऊर्जा पूर्वाधारमाथि आक्रमण गर्ने चेतावनी दिनुभएको थियो। तर सम्भावित प्रतिशोधको जोखिमलाई ध्यानमा राख्दै उहाँ पछि हट्नुभएको विश्लेषकहरूले बताएका छन्।


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय, मिर्चैया, सिराहाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/१२/११ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीहरुले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

### तपसिल

**ऋणीको विवरण**

**१.** सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास, घरेलु तथा साना उद्योगको कार्यालय लहान, सिरहामा मिति २०७३ साल मंसिर महिना १३ गते रोज २ मा प्रा.फ.र.नं. ६७८०/०७३/७४ तथा आन्तरिक राजश्व कार्यालय, लहानमा मिति २०७३/०८/१३ मा स्थायी लेखा नम्बर (PAN) ६०५४६७७१८ अन्तर्गत दर्ता कायम भएको **स्वेच्छा वालुवा प्रसोधन उद्योग**।

**प्रोप्राईटर : श्रीराम थापा**

**ऋणी तथा ऋणी १ को व्यक्तिगत जमानतकर्ताको विवरण**

२. मान बहादुरको नाति, हरि बहादुर थापाको छोरा, सिराहा जिल्ला, साविक वडहरामाल गा.वि.स./न.पा. वडा नं. ५ बस्ने **श्रीराम थापा** (ना.प्र.नं. ५६९/१२९४, जारी मिति २०४३/०३/२६, जि.प्र.का. सिराहा)।

**ऋणी १ र २ को लागी संयुक्त व्यक्तिगत जमानतकर्ताको विवरण**

१. ढल बहादुरको नाति, मान बहादुरको छोरा, सिराहा जिल्ला, साविक कर्जन्हा गा.वि.स./न.पा. वडा नं. ३ बस्ने **हरि बहादुर थापा** (ना.प्र.नं. ४४७७१२९४(१२६०, जारी मिति २०३५/०८/२६, जि.प्र.का. सिराहा)।

२. हरि बहादुर थापाको बुहारी, श्रीराम थापाको पत्नि, सिराहा जिल्ला, साविक वडहरामाल गा.वि.स./न.पा. वडा नं. ५ बस्ने **विमला थापा** (ना.प्र.नं. १५३०८८/११०७, जारी मिति २०६३/१२/०९, जि.प्र.का. सिराहा)।

३. मान बहादुरको नाति, हरि बहादुर थापाको छोरा, सिराहा जिल्ला, वडहरामाल गा.वि.स./न.पा. वडा नं. ५ बस्ने **विभू थापा** (ना.प्र.नं. ४४७७५८७७-३६२९६, जारी मिति २०५९/०२/२१, जि.प्र.का. सिराहा)।

४. मान बहादुरको बुहारी, हरि बहादुर थापाको पत्नि, सिराहा जिल्ला, साविक कर्जन्हा गा.वि.स./न.पा. वडा नं. ३ बस्ने **चन्द्र देवी थापा क्षेत्री** (ना.प्र.नं. १४३९, जारी मिति २०४४/०३/१४, जि.प्र.का. सिराहा)।

**धितोको विवरण**

१. **ऋणी १ को पक्षमा धितोबन्धकी कायम रही ऋणी २ को पक्षमा पुनः धितोबन्धकी कायम रहेको :** हरि बहादुर थापा (ना.प्र.नं. ४४७७१२९४(१२६०, जारी मिति २०३५/०८/२६, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक बडहरामाल गा.वि.स./न.पा. वडा नं. ७ नक्सा सिट नं. ७ क हाल सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ६ स्थित कि.नं. ३११३ को क्षेत्रफल ०-३-६ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. स्वेच्छा वालुवा प्रसोधन उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

३. **ऋणी १ को पक्षमा धितोबन्धकी कायम रहेको :** श्रीराम थापा (ना.प्र.नं. ५६९/१२९४, जारी मिति २०४३/०३/२६, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, साविक चैनपुर गा.वि.स./न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ हाल सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ९ स्थित कि.नं. १९४ को क्षेत्रफल ०-१०-०-० (बि.क.धु.क.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

४. **ऋणी २ को पक्षमा धितोबन्धकी कायम रहेको :** विभू थापा (ना.प्र.नं. ४४७७५८७७-३६२९६, जारी मिति २०५९/०२/२१, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, साविक बडहरामाल गा.वि.स./न.पा. वडा नं. ७ नक्सा सिट नं. ७ क हाल सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ६ स्थित कि.नं. ३१९५ को क्षेत्रफल ०-१०-११-० (बि.क.धु.क.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**ऋणीको विवरण**

**३.** असर्फि साहको नाति, काशी साह सुडीको छोरा, सिरहा जिल्ला, साविक हकपारा गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार गा.पा./न.पा. वडा नं. ६ बस्ने **जिवछ साह** (ना.प्र.नं. ३५२५१६०७, जारी मिति २०५४/१०/१२, जि.प्र.का. सिराहा)।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. महादेव साहको नाति, असर्फि साहको छोरा, सिराहा जिल्ला, साविक हकपारा गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, हकपारा, सिरहा गा.पा./न.पा. वडा नं. २२ बस्ने **काशी साह सुडी** (ना.प्र.नं. ३५२५०७७४-१४०४, जारी मिति २०३६/०५/२९, जि.प्र.का. सिराहा)।

२. असर्फि साहको बुहारी, काशी साह सुडीको पत्नी, सिराहा जिल्ला, साविक हकपारा गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, हकपारा सिरहा गा.पा./न.पा. वडा नं. २२ बस्ने **प्रेम वती सुडिन** (ना.प्र.नं. ३५२५०७७५-२४३१, जारी मिति २०३६/०५/२९, जि.प्र.का. सिराहा)।

३. काशी साह सुडीको बुहारी, जिवछ साहको पत्नी, सिराहा जिल्ला, साविक हकपारा गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार गा.पा./न.पा. वडा नं. ६ बस्ने **शिव देवी साह** (ना.प्र.नं. ४१६, जारी मिति २०६५/०१/१३, जि.प्र.का. सिराहा)।

**धितोको विवरण**

जिवछ साह (ना.प्र.नं. ३५२५१६०७, जारी मिति २०५४/१०/१२, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, साविक बस्तीपुर गा.वि.स./न.पा. वडा नं. ३ नक्सा सिट नं. ३ क स्थित कि. नं. २४२ को क्षेत्रफल ०-६-० (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

Siddhartha Bank

शाखा कार्यालय : मिर्चैया, सिराहा

फोन नं. ०३३-५५००८४

Website : www.siddharthabank.com



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

सुचना प्रकाशन मितिः २०८२।१२।११

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हाल सम्मकर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिमको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूलउपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नाम : हरिवन शाखा, सर्लाही**

| क्र.सं. | कर्जा ग्राहकको नाम | मिसिल नं. | ठेगाना | ग्राहकको पिता/पतिको नाम | बाजे/ससुराको नाम | उद्देश्य | साँवा रकम रु. | २०८२।११ म. सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | माया किराना पसल (प्रो. माया कुमारी लो) | १९५ | हरिवन-४ | जमान सिं लो | जुमान सिं लो | व्यपार कर्जा | ५,००,०००/- | ३६,९८६/- | ५,३६,९८६/- |
| २ | मधु बहुउदेश्य कृषि फर्म (प्रो. देवेन्द्र साह) | १६५ | हरिवन-५ | जगदीश साह | हित लाल साह | कृषि उत्पादन | २४,००,०००/- | १५३,२८८/- | २५,५३,२८८/- |
| ३ | द मुन थ्रीडी वालपेपर सप (प्रो. बुना कुमारी) | २५९ | हरिवन-८ | श्याम मोक्तान | भिम बहदुर मोक्तान | व्यपार कर्जा | १८,००,०००/- | ९४,२२४/- | १८,९४,२२४/- |
| ४ | नजराना एण्ड डि एन टेलरिङ सेन्टर (प्रो. दोस मोहम्मद) | ३३२ | हरिवन-११ | मोहमद ईसराईल | मोहमद मोजिफ | व्यपार कर्जा | ३३,६१,१७९/- | १,१५,७१३/- | ३४,७६,८९२/- |
| ५ | नेत्रमाया भुजेल | १४१ | हरिवन ४ | गणेश बहादुर भुजेल | राम बहादुर भुजेल | सरल कृषि | ९,००,०००/- | ३८,०२०/- | ९,३८,०२०/- |
| ६ | बाल कृष्ण राय यादव | २७५ | हरिवन-९ | अमिचन राय | मोहित राय | सरल कृषि | २०,००,०००/- | ८८,०७०/- | २०, ८८,०७०/- |

कृषि विकास बैंक लि.
प्रदेश कार्यालय बीरगंज

## डाँडाखेत-राहुघाट प्रसारण लाइन :

# तीन करोडभन्दा बढी मुआब्जा वितरण



म्याग्दी, १० चैत : नेपाल विद्युत् प्राधिकरणद्वारा यहाँ निर्माणाधीन १३२ केभी क्षमताको डाँडाखेत-राहुघाट प्रसारण लाइनको टावर निर्माण भएको जग्गाका धनीहरूलाई रु तीन करोडभन्दा बढी मुआब्जा वितरण भएको छ।

जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा गठन भएको उपसमितिले कायम गरेको मूल्यअनुसार टावर निर्माण भएको जग्गाका धनीहरूलाई मात्र हालसम्म रु तीन करोड २९ लाख ६४ हजार ५६७ मुआब्जा वितरण भएको हो।

आयोजनाका प्रशासकीय अधिकृत मातृका तिमिल्सिनाले मुआब्जाबापत रु दुई करोड २ ९ लाख २९ हजार ७२८ वितरण भएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "आयोजनाको ऋण लगानीकर्ता एसियाली विकास बैंक (एडिबी)को कार्यविधिअनुसार गरिब, महिला प्रमुख घरपरिवार, दलित/जनजाति, अशक्तको आधारमा थप रु एक करोड ३४ हजार ८३९ वितरण भइसकेको छ।"

पच्चीस किलोमिटर दूरीको प्रसारण लाइनका ८२ टावरमध्ये ४० वन क्षेत्र र ४२ व्यक्तिगत जग्गामा छन् । हालसम्म ६६ जनाले मुआब्जा लगिसकेका र सात जनाले मुआब्जा लैजाने प्रक्रियामा रहेका प्रशासकीय अधिकृत तिमिल्सिनाले बताउनुभयो । विसं २०७९ मा जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा गठन भएको उपसमितिले यस आयोजनाको टावर रहने जग्गाका धनीहरूलाई प्रतिरोपनी रु नौ लाखदेखि रु १३ लाख ५० हजारका दरले मुआब्जा निर्धारण गरेको थियो।

**तारमुनिका जग्गाधनीलाई पनि क्षतिपूर्ति**

प्रसारण लाइनको तारमुनि भोगाधिकार क्षेत्रमा पर्ने जग्गाका धनीहरूलाई पनि क्षतिपूर्ति वितरण गर्न दररेट निर्धारणको प्रक्रियामा रहेको आयोजनाले जनाएको छ। प्रसारण लाइनको बीच भागदेखि दायाँ र बायाँ नौ-नौ मिटरमा रहेको निजी जग्गाका धनीहरूले क्षतिपूर्ति पाउने व्यवस्था छ।

चार सय ५४ कित्ता जग्गा प्रसारण लाइनको तारमुनि भोगाधिकार क्षेत्रमा पर्ने प्रारम्भिक विवरण सङ्कलन भएको छ । यसैगरी क्षतिपूर्ति वितरणका लागि पहिलो चरणमा तारमुनि पर्ने २२ वटा घरटहराको पहिचान भएको छ । तारमुनि पर्ने थप भौतिक संरचनाको पहिचान कार्यलाई निरन्तरता दिएको आयोजनाले जनाएको छ । आयोजनाले सबस्टेशन निर्माणका लागि मालिका गाउँपालिका-७ बिमको डाँडाखेतमा ५१ रोपनी र रघुगङ्गा गाउँपालिका-३ राहुघाट अम्बाङमा ९० रोपनी जग्गा अधिग्रहण गरेको थियो । वन क्षेत्र प्रयोग गरेबापत रु चार करोड ५० लाखमा ५०४ रोपनी जग्गा खरिद गरेर सरकारलाई उपलब्ध गराइसकेको छ।

प्रसारण लाइन प्रभावित क्षेत्रमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत १५ जनालाई सवारी चालक, १५ जनालाई हाउसवायरिङ र प्रभावित क्षेत्रमा पर्ने १९ सामुदायिक वनका दुई-दुई जनालाई गैरकाष्ठ वनपैदावार तालिम प्रदान गरिएको छ।

सामुदायिक वन उपभोक्ता समूहको मागअनुसार वन डढेलो नियन्त्रण र प्रशासनीय कार्य सञ्चालनमा आवश्यक सामग्री वितरण गरेको आयोजनाले प्रभावित क्षेत्रका १८ वटा सामुदायिक विद्यालय तथा विद्यार्थीलाई शैक्षिक सामग्री वितरणको तयारी गरेको छ । आयोजना प्रभावित मालिका गाउँपालिका-७, ६, मङ्गला गाउँपालिका-१, २, बेनी नगरपालिका-५, ९ र रघुगङ्गा गाउँपालिका-३ का मठमन्दिर, आमा समूह, विद्यालयलाई निर्माणजन्य जिन्सी सामग्री वितरण गरिएको छ । विभिन्न ठाउँमा जनचेतनामूलक होडिङ बोर्ड राखिएको छ।

**भौतिक प्रगति ७८ प्रतिशत**

डाँडाखेत-राहुघाट प्रसारण लाइन आयोजनाको हालसम्म ७८ प्रतिशत भौतिक प्रगति भएको छ । म्याग्दी र राहुघाट बेसिनका जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्लाई केन्द्रीय प्रणालीमा आबद्ध गराउन यो आयोजना सञ्चालन भएको हो।

प्रसारण लाइन र सबस्टेशन निर्माणका लागि सन् २०२१ को डिसेम्वर ३१ मा रु तीन अर्ब ५७ करोडमा लार्सन एन्ड टुयुब्रो लिमिटेडसँग ठेक्का सम्झौता भएको थियो। पहिलोपटकको म्याद गत जुलाई १६ र दोस्रोपटकको म्याद नोभेम्बर १६ सम्ममा सकिएपछि २०२६ मे १६ सम्मका लागि तेस्रोपटक म्याद थपिएको छ।

प्रसारण लाइनको क्षेत्राधिकारमा पर्ने वन क्षेत्रमा रुख कटान आदेश प्राप्त नहुनु, राहुघाट सबस्टेशन निर्माणस्थलको कमजोर भूगोल, विपद्को जोखिम र केही टावर निर्माणस्थलमा समुदायको विवादका कारणले निर्माण अवधि लम्बिएको आयोजना प्रमुख रोशन अग्रवालले बताउनुभयो । उहाँका अनुसार अबको पाँच महिनाभित्र सम्पन्न गर्ने लक्ष्यसहित ठेकेदारले निर्माणकार्यलाई तीव्रता दिएका छन्।

एक सय ३२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइनको हालसम्म ८२ वटामध्ये ७१ वटा खडा भएका छन् । दुईवटाबाहेक सबै टावरमा ठेकेदारले काम थालेको छ। दश दशमलव पाँच किलोमिटरमा तार तान्ने काम पनि सकिएको आयोजनाका इन्जिनियर सुरज गुरुङले बताउनुभयो । प्रसारण लाइन र सबस्टेशनको उपकरण आयात भइसकेको छ।

डाँडाखेतको सबस्टेशनमा ९५ प्रतिशत, प्रसारण लाइनमा ७० प्रतिशत र राहुघाट सबस्टेशनमा ६५ प्रतिशत प्रगति भएको छ । एलएनटीका आयोजना व्यवस्थापक सुभाषचन्द्र शर्माले मजदुर र उपकरण थपेर तोकिएको समयभित्र सम्पन्न गराउने प्रतिबद्धता जनाउनुभयो। एकाउन्न रोपनी क्षेत्रफलमा निर्माण भएको डाँडाखेत सबस्टेशनमा १३३/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान भइरहेको छ । २२०/१३२/३३ केभी, २०० एमभिए क्षमताको उपकरण जडान हुने जिआइएस प्रविधिको राहुघाट सबस्टेशनमा उपकरण राख्ने र कार्यालयको भवन निर्माण अन्तिम चरणमा पुगेको छ।

कुल रु चार अर्ब ८८ करोड लागत अनुमान गरिएको आयोजना निर्माणका लागि रु एक अर्ब पाँच करोड विद्युत् प्राधिकरण र रु तीन अर्ब ८२ करोड एसियाली विकास बैंकको ऋण लगानी छ । एसियाली विकास बैंकसँग भएको २७ मिलियन डलर ऋण सम्झौता पछिल्लोपटक बढाएर ३१ मिलियन डलर बनाइएको छ। एसियाली विकास बैंकले विद्युत् प्रसारण लाइन आधुनिकीकरण परियोजनामार्फत राहुघाट-डाँडाखेत प्रसारण लाइन बनाउन ऋण लगानी गरेको हो।

म्याग्दी नदीमा १७२.८ मेगावाट क्षमताको चारवटा जलविद्युत् आयोजना निर्माण सुरु भएका छन् । राहुघाटमा ३५.५ मेगावाटको चिमखोला-राहुघाट-मङ्गले, ४८ मेगावाटको अपर राहुघाट, २१.३ मेगावाट क्षमताको ठूलोखोला र २३.५ मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाले उत्पादन थालेका छन्। रासस

# सुनको मूल्य घट्ने क्रम जारी, एक सातामै ३६ हजार घट्यो

काठमाण्डु । सुनको मूल्य मंगलबार प्रतितोला १ हजार ६ सय रुपैयाँले घटेर २ लाख ७३ हजार ९ सय रुपैयाँ पुगेको छ।

एक सातामै सुनको भाउ प्रतितोला ३६ हजार रुपैयाँले घटेको छ र अन्तर्राष्ट्रिय बजारको प्रभाव परेको छ।

चाँदीको मूल्य प्रतितोला ८० रुपैयाँले बढेर ४ हजार ५०५ रुपैयाँ पुगेको छ तर विगत एक सातामा ८३० रुपैयाँले घटेको छ।

१० चैत, काठमाडौं । सुनको मूल्य घट्ने क्रम मंगलबार पनि जारी रह्यो।

# रेडपाण्डाको संरक्षण गर्न इलाममा रेडपाण्डा महोत्सव

काठमाण्डु । इलाममा चैत २० देखि २३ गतेसम्म तेस्रो रेडपाण्डा महोत्सव हुने भएको छ । दुर्लभ वन्यजन्तु रेडपाण्डाको संरक्षण र पर्यटन प्रवर्द्धनको उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको हो ।

सोमबार काठमाडौँमा पत्रकार भेटघाटमा महोत्सव आयोजक समितिका संयोजक सनम राईले 'रेडपाण्डा ट्रेल' मा आधारित पदमार्ग पर्यटनलाई केन्द्रमा राखेर महोत्सव आयोजना गर्न लागिएको बताउनुभयो। करिब ४० किलोमिटर लामो उक्त पदमार्गले माईपोखरीदेखि जौबारीसम्मका विभिन्न पर्यटकीयस्थललाई जोड्छ। यस मार्गमा रेडपाण्डासहित विभिन्न प्रजातिका चरा, वन्यजन्तु, जैविक विविधताको अध्ययन-अवलोकन गर्न सकिन्छ। सन्दकपुर गाउँपालिका-४ कालपोखरीमा महोत्सव आयोजना हुनेछ।

आयोजकका अनुसार रेडपाण्डा पदयात्राको अनुभव, जङ्गल सफारी, चराहरूको दृश्यावलोकन महोत्सवका मुख्य आकर्षण रहनेछन् । यस्तै, यहाँका १८ प्रजातिको गुराँसको अध्ययनका साथै आदिवासी जनजातिको संस्कृतिसमेत नियाल्न पाइनेछ । विश्वको अग्लो सगरमाथासहित ६० भन्दा बढी हिमशृङ्खला, सयौँ प्रजातिका चराको अवलोकन गर्न सकिने संयोजक राईले बताउनुभयो । महोत्सवमा आन्तरिक र बाह्य १० हजार पर्यटक सन्दकपुर भित्र्याउने आयोजकको लक्ष्य छ ।

महोत्सव आयोजक सन्दकपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिलकुमार लिम्बूले यस महोत्सवले पालिकाका प्रमुख गन्तव्यहरूको समेत प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

## भूभिसुधार भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा गा.वि.स.लोहना वडा नं. ७ हाल हाल जनकपुरधाम उ.म.न.पा. वडा नं. २५ मा वस्ने सहदेव साह सुडीको बुहारी शिव नारायण साह सुडीको पत्नी रागनी देवी साहले धनुषा जिल्ला अदालतको अंशदर्ता मुद्दा दे. नं. २५६४ मिति २०७७/६/९ गतेमा मिलापत्र हुँदा प्रभु दास कथवनियाँको नाउँमा दर्ता रहेको जिल्ला धनुषा जनकपुर न.पा.वडा नं. ४ख कि.नं. ३३ क्षेत्रफल ०-०-८-० जग्गामध्ये ०-०-४-० जग्गा सहदेव साह सुडीको नाउँमा भूमि प्रशासन कार्यालयबाट मिति २०३४/४/२५ मा रजिष्ट्रेशन पारित भएको शहरी नापी हुँदा हालसाविक भई जिल्ला धनुषा जनकपुर न.पा. वडा नं. ४ सिट नं. १३९५-२० कि.नं. १२२ क्षेत्रफल ०-०-४-२ कायम भएको जग्गा शिव नारायण सुडीको अंशभागमा परी मिति २०७०/१२/०६ मा दा.खा. भई जग्गाधनी प्रमाणपूर्जा प्राप्त नभएकोमा सहदेव साह सुडीको मिति २०८१/०७/१७ मा मृत्यु भई निजको हकभोग खाने एकमात्र पत्नी म निवेदिका राघनी देवी साह भएकोले मेरो नाममा उक्त जग्गाको स्रेस्ता कायम नामसारी जग्गाधनी प्रमाणपूर्जा पाउँ भनी द.नं. ८९३७ मिति २०८२/०८/२५ को माग निवेदन दावी गरेकोले माग दावी वमोजिम उक्त जग्गाको स्रेस्ता कायम गरी निवेदकको नाममा नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सवुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक २१ (एकाईस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून वमोजिम भई जाने व्यहोरा सम्वन्धित सवैका लागि सूचित गरिन्छ।

**तपसिल**

| सर्व नापी अनुसार | | | | | शहरी नापी अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | क्षेत्र | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल |
| धनुषा | जनकपुर न.पा. | ४ख | ३३ | ०-०-८-० | जनकपुर न.पा. | ४ | १३९५-२० | १२२ | ०-०-४-२ |
| फिल्डवुकको जग्गाधनी महलमा<br>गुठी संस्थान<br>प्रभु दास कथवनियाँ<br>पं. जनकपुर वार्ड नं. ४<br>बाबुः- बैजनाथ<br>बाजेः- ढिला दास | | | | | फिल्डवुकको जग्गाधनी महलमा<br>गुठी संस्थान<br>सहदेव साह सुडी<br>सा.पं. लोहना वार्ड नं. ७<br>बाबुः- अमृत<br>बाजेः- मुसहर | | | | |

## भूमिसुधार तथा मालपोत कार्यालय, धनुषा

### हकदाबी सम्बन्धी २१ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा साविक धनुषा माची भिटकैया गा.वि.स.वार्ड नं.१ हाल कमला न.पा. वार्ड नं.२ मा बस्ने जनक देवीको मिति २०३५ साल अगावै आफ्नो कालगतीले प्रलोक भई जानु भएको निजको श्रीमान् सोनेलाल यादवको पनि मिति २०८०/०१/१० गतेमा निधन भईसकेकोले निज मृतकहरुको कोखबाट छोराको जाय जन्म नभएको दुईमात्र (२) छोरी-१ जेठी छोरी अचला देवी र कान्छी छोरी चन्दर देवी तथा अविवाहीत छोरी नरहेकोले निज मृतकको शेषपछीको हक अपुताली खाने बेहोर्ने सबभन्दा नजिकको हकदार मृतकका छोरी अचला देवी र चन्दर देवी आपसी मन्जुरीनामा गरी मृतक जग्गा धनी जनक देवीको तपसिलमा रहेको जग्गा निवेदिका अचला देवीको नाउँमा एकलौटी नामसारी गरी पाउँ भनी माँग निवेदन भएको र सोही अनुसारको कमला नगरपालिका २नं. वडा कार्यालयको च.न.८६१ मिति २०८२/११/१० गतेको बडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसार को सनाखत भएको।

यसमा जग्गा धनी जनक देवीको मृत्यु पश्चात हकखाने यि निवेदीका बाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यि निवेदीका को नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए, यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र आफुसँग भएको सबुत प्रमाण लिई दावि उजूरी गर्न यस कार्यालयमा आउनु होला। म्याद भित्र दाबि उजूरी नपरी म्याद समाप्त भए पछी कानून वमोजिम मु.दे.स.२०७४ को परिच्छेद ११को दफा २३९(१) बमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचना द्वारा सुचित गरिएको छ।

**तपसिल**

| जिल्ला | गा.वि.स | वार्ड.नं. | कि.नं. | क्षे.फ | कै. |
|---|---|---|---|---|---|
| धुनषा | माची भिटकैया | १ | ६११ | ०-४-११-० | |
| धुनषा | माची भिटकैया | १ | ८११ | ०-२-२-० | |

## भूमि सुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा गा.वि.स. ठिल्ला यदुवा वडा नं. ७ हाल सबैला न.पा.वडा नं. ८ बस्ने ब्रम्हदेव राय अमातको नाती प्रविण कुमार रायको छोरा योगेश कुमार राय-१, ऐ.ऐ.मा बस्ने ब्रम्हदेव राय अमातको बुहारी विजय प्रताप रायको पत्नी रन्जिता देवी राय-१, ऐ.ऐ.मा बस्ने ऐ. को बुहारी नविन कुमार रायको पत्नी रीता देवी राय-१ र ऐ.ऐ.मा बस्ने ऐ.को बुहारी दिलिप कुमार रायको पत्नी कुशमी देवी राय-१ समेत ४ जनाले हामीहरुको बाजे/ससुरा द्वारिका राउत अमातको नाउँमा साविक मौजे भठियानको सा.कि.नं. १८१ को ०-६-१५, सा.कि.नं. १९० को ०-४-० र सा.कि.नं. १९१ को ०-३-१० जग्गा सर्वे नापी हुँदा द्वारिका राउत अमातको छोरा ब्रम्हदेव राय अमातको नाउँमा जि.ध.गा.वि.स. सतोपर वडा नं. ४ कि.नं. १९ मा क्षेत्रफल ०-१५-० जग्गा नाप नक्सा भई दर्ता गर्न छुट भएकोमा ब्रम्हदेव राय अमातको मिति २०६२/३/३१ मा मृत्यु भई निजको हकभोग मुत्तानी खाने सबैभन्दा नजिकको हकदार एकमात्र पत्नी मिना देवी राय अमातको पनि मिति २०७२/७/२९ मा मृत्यु भई निजहरुको हकभोग खाने छोराहरु जेठा छोरा प्रविण कुमार राय भएकोमा निज वैदेशिक रोजगारीमा विदेशमा जानु भएकोले निजको हकमा अ.वा. निजको छोरा योगेश कुमार राय-१, माहिला छोरा विजय प्रताप राय वैदेशिक रोजगारीमा रहेकोले निजको हकमा अ.वा. पत्नी रन्जिता देवी राय-१ र कान्छा छोरा नविन कुमार राय वैदेशिक रोजगारीमा रहेकोले निजको हकमा अ.वा. पत्नी रीता देवी राय-१ भएकोले हामीहरुको संयुक्त नाउँमा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं. १२४०२ मिति २०८२/१०/११ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/११/०८ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सबूत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५(पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला। सूचनाको म्याद नाघेपछि परेको निवेदन उपर कुनै कारवाही हुने छैन।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको कैफियत महलको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | सतोषर | ४ | १९ | ०-१५-० | यो जग्गा पछिल्ला बस्ने ब्रम्हदेव राउतको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. बलदेव ठाकुर द. |

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय दुधौली, सिन्धुलीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति : २०८२/१२/११ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/२१ गतेको नागरिक राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति २०८२/०८/२४ गतेको नागरिक राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना **अस्मी स्टोर्सको लागी मिति २०८१/११/१९ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा तथा अस्मी स्टोर्स र आर्यान सप्लायर्स दुबै ऋणीको लागी मिति २०८२/०७/०२ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि बारे १५ दिने सूचना मिति २०८२/०८/२४ र मिति २०८२/०९/२१ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्यूनतम गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः तेस्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

१. सिन्धुली जिल्ला, दुधौली गा.पा./न.पा. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रहि प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, सिन्धुलीमा मिति २०७०/०४/१३ रोज १ मा प्रा.फ.नं. १०६४/०७०/०७१ तथा आन्तरिक राजस्व कार्यालय जनकपुर र करदाता सेवा कार्यालय, बर्दिबासमा मिति २०७०/०४/१३ मा स्थायी लेखा नम्बर (PAN) ६०१२०६२७२ अन्तर्गत दर्ता कायम भएको **अस्मी स्टोर्स**।
**प्रोप्राइटर : अनिल महतो**

२. सिन्धुली जिल्ला, दुधौली गा.वि.स./न.पा. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रहि प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, सिन्धुलीमा मिति २०७७/१०/०८ रोज ५ मा प्रा.फ.नं. ४१४३/०७७/७८ तथा आन्तरिक राजस्व कार्यालय जनकपुर र करदाता सेवा कार्यालय, सिन्धुलीमा मिति २०७७/१२/२७ मा स्थायी लेखा नम्बर (PAN) १२४७४२५८९ अन्तर्गत दर्ता कायम भएको **आर्यान सप्लायर्स**।
**प्रोप्राइटर : रिना कुमारी महतो**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. राम किशन महतोको नाति, राम चन्द्र महतोको छोरा, सिन्धुली जिल्ला, साविक दुधौली न.पा./गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ बस्ने **अनिल महतो** (ना.प्र.नं.२०१०४५/२४३, जारी मिति २०६८/०४/०८, जि.प्र.का. सिन्धुली)।

२. राम चन्द्र महतोको बुहारी, अनिल महतोको पत्नी, सिन्धुली जिल्ला, साविक दुधौली न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ बस्ने **रिना कुमारी महतो** (ना.प्र.नं. १९३०७९/३४४०, जारी मिति २०६३/१२/३०, जि.प्र.का. सिन्धुली)।

३. राम किशन महतोको बुहारी, राम चन्द्र महतोको पत्नी, सिन्धुली जिल्ला, साविक दुधौली न.पा./गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ बस्ने **फुलो महतो** (ना.प्र.नं. २०२६६७/५९७८, जारी मिति २०४६/०२/२९, जि.प्र.का. सिन्धुली)।

**ऋणी १ को धितोको विवरण**

१. रिना कुमारी महतो (ना.प्र.नं. १९३०७९/३४४०, जारी मिति २०६३/१२/३०, जि.प्र.का. सिन्धुली) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, साविक महेन्द्र लदाभिर गा.वि.स. वडा नं. ४ हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ स्थित कि.नं. १५० को क्षेत्रफल ०-२-३-२ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. अस्मी स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

**ऋणी २ को धितोको विवरण**

१. रिना कुमारी महतो (ना.प्र.नं. १९३०७९/३४४०, जारी मिति २०६३/१२/३०, जि.प्र.का. सिन्धुली) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, साविक महेन्द्र लदाभिर गा.वि.स. वडा नं. ६ हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ स्थित कि.नं. १५८० को क्षेत्रफल ०-०-७-० (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. फुलो महतो (ना.प्र.नं. २०२६६७/५९७८, जारी मिति २०४६/०२/२९, जि.प्र.का. सिन्धुली) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, साविक महेन्द्र लदाभिर गा.वि.स. वडा नं. ४ हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ स्थित कि.नं. १५२ को क्षेत्रफल ०-५-१३-२ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. फुलो महतो (ना.प्र.नं. २०२६६७/५९७८, जारी मिति २०४६/०२/२९, जि.प्र.का. सिन्धुली) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, साविक महेन्द्र लदाभिर गा.वि.स. वडा नं. ६ हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ स्थित कि.नं. १२१८ को क्षेत्रफल ०-०-३-१ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
४. अनिल महतो (ना.प्र.नं. २०१०४५/२४३, जारी मिति २०६८/०४/०८, जि.प्र.का. सिन्धुली) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, साविक महेन्द्र लदाभिर गा.वि.स. वडा नं. ६ हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ स्थित कि.नं. २ को क्षेत्रफल ८२ (व.मि.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
५. आर्यान सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१२/२५ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय दुधौली, सिन्धुलीमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१२/२६ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय दुधौली, सिन्धुलीमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय दुधौली, सिन्धुलीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : दुधौली, सिन्धुली
फोन नं. ०४७-४१२०२१
Website : www.siddharthabank.com

# ई-रिक्सा लाइसेन्स व्यवस्था सहज बनाउन माग

टुडे समाचारदाता

जनकपुरधाम । मधेशकोराजधानीजनकपुरधाममा सञ्चालन हुँदै आएका ई-रिक्सा चलाउनेहरुको आम्दानीको स्रोत र जीवनयापनको आधार बन्दै गए पनि चालकहरूको लाइसेन्स व्यवस्थामा देखिएको जटिलताले समस्या उत्पन्न भएको भन्दै लाइसेन्स प्रक्रिया सहज बनाउन माग गरेको छ।




जनकपुरधाममा मंगलबार नेपाल ई-रिक्सा मजदुर संगठन धनुषाले आयोजना गरेको पत्रकार सम्मेलनमा नेपालमा रोजगारीको अभावका कारण विदेशिने क्रम बढिरहेका बेला ई-रिक्साले स्वदेशमै रोजगारी सिर्जना गर्न महत्वपूर्ण भूमिका खेलेको जनाएको छ।

विद्युतबाट सञ्चालन हुने भएकाले वातावरणमैत्री हुनुका साथै पेट्रोलियम पदार्थको निर्भरता घटाउन र सर्वसाधारणलाई सस्तो तथा सुलभ यातायात सेवा दिन सिटी रिक्सा प्रभावकारी बनेको अध्यक्ष वीरेन्द्र महतोले जानकारी दिए।

अध्यक्ष महतोले मधेश प्रदेशका जनकपुरधाम र वीरगञ्ज क्षेत्रमा गरिएको सर्वेक्षणमा करिब ८१ प्रतिशत सिटी रिक्सा चालकसँग सवारी चालक अनुमति पत्र नभएको पाइएको बताए। कायापलट र विकल्प नामक संस्थाले ३ सयभन्दा बढी ई-रिक्सा चालकसंग गरेको सर्वेक्षणले अधिकांश चालकहरू लिखित परीक्षा पास गर्न नसक्दा लाइसेन्स लिनबाट वञ्चित भएको देखाएको छ।

अधिकांश चालकहरू कम साक्षर भएका कारण ट्रायल पास गरे पनि लिखित परीक्षा पास गर्न नसक्ने अवस्था रहेको संगठनको भनाइ छ। लाइसेन्स नहुँदा दुर्घटना भएको अवस्थामा बीमा दाबी नपाउने, क्षतिपूर्ति तिर्न नसक्दा चालकहरू कानुनी समस्यामा पर्ने र जेलसम्म जानुपर्ने अवस्था आउने गरेको उनको भनाइ छ।

कोशी प्रदेश सरकारले भने लिखित परीक्षा नलिई अभिमुखीकरण तालिम र ट्रायल परीक्षा पास गरेपछि लाइसेन्स दिने व्यवस्था लागु गरिसकेको उदाहरण दिँदै उनले मधेश प्रदेशमा पनि सोही प्रकारको व्यवस्था लागु गर्न माग गरेका छन्।

मधेश प्रदेश सरकारले सवारी तथा यातायात व्यवस्था ऐन जारी गरे पनि कार्यान्वयनका लागि आवश्यक नियमावली र कार्यविधि नबन्दा समस्या समाधान हुन नसकेको संगठनले जनाएको छ।

सिटी रिक्सा चालक, यात्रु तथा समग्र यातायात व्यवस्थापनलाई व्यवस्थित बनाउन आवश्यक कानुन, नियमावली र लाइसेन्स प्रक्रिया सहज बनाउन सम्बन्धित निकायले पहल गर्न नेपाल ई-रिक्सा मजदुर संगठन धनुषाले आग्रह गरेको जनाएको छ।

# मुसहर बस्तीमा अव्यवस्थित घर छ, छैन शौचालय

**नगरपालिका र "वाटरएड" संस्थाले हालै गरेको सर्वेक्षण अनुसार लहानका २४ हजार ७०० घरपरिवारमध्ये १७ प्रतिशत अर्थात् चार हजार २१० घरमा अझै शौचालय छैन । अधिकांश दलित र भूमिहीन बस्तीमा जग्गा अभाव र चेतनाको कमीले गर्दा शौचालयको पहुँच पुग्न नसकेको पाइएको छ ।**

टुडे समाचारदाता

सिरहा । नेपाल खुला दिसामुक्त घोषणा भएको साढे छ वर्ष बितिसक्दा पनि सिरहाको लहान नगरपालिकाका मुसहर बस्तीमा स्वच्छताको अवस्था अझै दयनीय छ।

हावाहुरी, घामपानी र बर्सातको समयमा टाउको लुकाउने सुरक्षित घर नहुँदा सास्ती खेपिरहेका मुसहर समुदायका लागि शौचालय त झनै सपना जस्तै बनेको छ।

जिल्लाको लहान नगरपालिका-१३ की भुटनीदेवी सदायले आफ्नो पीडा पोख्दै भने, "बस्ने घरकै टुङ्गो छैन, शौचालय कहाँ बनाउनु ? वर्षौंअघि सरकारले दिएको रिङ त छ, तर जग्गा नभएकै कारण अहिलेसम्म शौचालय ठड्याउन सकेका छैनौं।"



त्यस्तै भुटनी देवीजस्तै वडा नं. १, २, ५, ९, १२ र २४ का मुसहर परिवारहरू अहिले पनि खुला स्थानमा शौच गर्न बाध्य छन् । सुरक्षित आवास र आफ्नै स्वामित्वको जग्गा नहुँदा मुसहर समुदायमा शौचालय निर्माण र प्रयोग चुनौतीपूर्ण बन्दै गएको छ। नगरपालिका र 'वाटरएड' संस्थाले हालै गरेको सर्वेक्षण अनुसार लहानका २४ हजार ७०० घरपरिवारमध्ये १७ प्रतिशत अर्थात् चार हजार २१० घरमा अझै शौचालय छैन।

अधिकांश दलित र भूमिहीन बस्तीमा जग्गा अभाव र चेतनाको कमीले गर्दा शौचालयको पहुँच पुग्न नसकेको पाइएको छ।

लहानमा करिब ३० हजार दलित जनसङ्ख्यामध्ये आठ हजार मुसहर समुदायका छन् । ९९ प्रतिशत मुसहर भूमिहीन भएकाले उनीहरूका लागि आवास र स्वच्छता दुबै गम्भीर समस्या बनेको 'विकन परियोजना'का निर्देशक कविन्द्र पुडासैनीले बताए।

स्थानीय शंकरप्रसाद गुप्ताका अनुसार केवल गैरसरकारी संस्थाका कार्यक्रमले मात्र घर बनाउने शौचालय बनाउने जस्ता समस्या समाधान हुँदैन । उनका अनुसार यसका लागि स्थानीय स्वास्थ्यकर्मी, शिक्षक र नागरिक अगुवाको सक्रिय निगरानी समूह बनाएर समुदायमा निरन्तर शिक्षा र चेतना दिनु आवश्यक छ।

लहान नगरपालिकाका मेयर महेशप्रसाद चौधरीले २०१७ मै खुला दिसामुक्त घोषणा भएको नगरमा अझै यति ठूलो सङ्ख्यामा शौचालयविहीन हुनु चिन्ताजनक रहेको स्वीकारे । उनले भने, "यो स्वच्छताको चुनौती गम्भीर छ। अब हामी घर-घर पुगेर वास्तविक अवस्था परिवर्तन गर्ने तयारीमा छौं। भूमिहीन सुकुम्वासीका लागि उपयुक्त स्थान पहिचान गरी स्थानान्तरण प्रक्रियासमेत अघि बढाइनेछ।"

लहान नगरपालिकाले अहिले 'विकन परियोजना'सँग मिलेर ती चार हजार २१० घरधुरीमा शौचालय निर्माण गर्ने अभियान सुरु गरेको छ। यसका लागि जनप्रतिनिधि, सामाजिक परिचालक र युवा समूहको सहकार्यमा तीन महिनासम्म घर-घरमै पुगेर प्रत्यक्ष अनुगमन र चेतना अभिवृद्धि गरिने जनाइएको छ।

# चितुवा देखिएपछि स्थानीय त्रसित



टुडे समाचारदाता

जनकपुरधाम। धनुषाको मिथिला नगरपालिका-७ स्थित एक्लेबरमा जङ्गली चितुवा देखापरेपछि स्थानीयहरु त्रसित बनेका छन्।

मिथिला नगरपालिका वडा नम्बर ७ का वडाध्यक्ष रामबहादुर स्याङ्दनले मंगलबार बिहानतर्फ एक्लेबरस्थित विक्रम थिङको घर अगाडि चितुवा देखिएको जानकारी दिए।

उनले केही दिन अगाडि चितुवाले एउटा बाख्रा खाइदिएको र अर्को एक बाख्रालाई घाइते बनाएको समेत बताए। जंगलको नजिक रहेको बस्तीमा चितुवा देखा परेको बारे डिभिजन वन कार्यालय धनुषालाई जानकारी गराएको उनको भनाइ छ।

वडाध्यक्ष स्याङ्दनले बस्ती नजिक चितुवा देखिएपछि स्थानीय त्रसित भएको बताए। डिभिजन वन कार्यालय धनुषाका डिभिजनल प्रमुख विनोद सिंहले स्थानीयलाई सतर्क रहन आग्रह गरेका छन्।

# पशुपन्छी खोप अभियान तीव्र

दिलीप पाण्डे

रौतहट। पशुपन्छीमा फैलिने संक्रामक रोग नियन्त्रण तथा पशु उत्पादन वृद्धि गर्ने उद्देश्यले रौतहट जिल्लामा अभियान तीव्र रूपमा अगाडि बढाइएको छ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रौतहटको आयोजनामा तथा सम्बन्धित स्थानीय तहका पशु सेवा शाखासँगको समन्वयमा अभियान सञ्चालन गरिएको हो। कार्यालयका अनुसार चैत ७ गतेदेखि १३ गतेसम्म खोप सप्ताह सञ्चालन हुँदैछ। यस अवधिमा जिल्लाका सबै पालिकामा पुगेर पशुपन्छीमा देखिने प्रमुख संक्रामक रोग विरुद्ध खोप लगाइँदैछ।



अभियान अन्तर्गत गाई, भैंसी, पाडापाडी, बाच्छाबाच्छी तथा बङ्गुर/सुगुरमा देखिने खोरेत (एफएमडी) रोग विरुद्ध खोप लगाउने कार्य भइरहेको छ। यसैगरी बाख्रा, भेडा, पाठापाठीमा देखिने पिपिआर (पिपिआर) रोग विरुद्ध खोप लगाउने तयारीसमेत गरिएको छ। खोरेत रोगले पशुमा खुट्टा तथा मुखमा घाउ आउने, ज्वरो आउने र उत्पादन क्षमतामा कमी ल्याउने भएकाले यसलाई नियन्त्रण गर्न खोप अभियान प्रभावकारी उपाय मानिन्छ। जिल्लाभर सञ्चालन भइरहेको अभियानका लागि ८७ जना जनशक्ति परिचालन गरिएको छ। कार्यालय प्रमुख इन्दु राय यादवका अनुसार अभियानको सुरुवाती लक्ष्य करिब ७५ हजार पशुमा खोप लगाउने रहेको छ। हालसम्म करिब ३५ प्रतिशत प्रगति भएको जनाउँदै उनले बाँकी अवधिमा अभियानलाई अझ तीव्र बनाइने बताए।

उनले भने खोप अभियानलाई प्रभावकारी बनाउन स्थानीय तहसँग निरन्तर समन्वय भइरहेको छ। केही पालिकामा स्रोत तथा जनशक्तिको कमी चुनौतीका रूपमा देखिए पनि लक्ष्य हासिल गर्न हामी सक्रिय छौं। हाल गाईभैंसीमा खोरेत रोग विरुद्ध खोप लगाउने कार्य प्राथमिकतामा राखिएको छ। यो अभियान सम्पन्न भएपछि जिल्लाभर बाख्रा तथा भेडामा पिपिआर खोप अभियान सञ्चालन गरिने योजना रहेको छ। कार्यालयका अनुसार रौतहट जिल्लामा मात्रै करिब २ लाखभन्दा बढी बाख्रामा पिपिआर खोप लगाउने लक्ष्य राखिएको छ।

खोप अभियानले पशुमा लाग्ने महामारीजन्य रोग नियन्त्रण गर्नुका साथै कृषकको आम्दानी वृद्धि, दुग्ध तथा मासु उत्पादनमा सुधार ल्याउने अपेक्षा गरिएको छ। ग्रामीण क्षेत्रमा पशुपालन मुख्य आयस्रोतका रूपमा रहेकोले यस्ता अभियानले कृषकलाई प्रत्यक्ष लाभ पुर्‍याउने विश्वास गरिएको छ।

यद्यपि अभियान सञ्चालनका क्रममा केही स्थानमा स्रोतको अभाव, जनशक्ति व्यवस्थापन तथा जनचेतनाको कमी जस्ता चुनौतीहरू देखिएका छन्। यस्ता समस्यालाई समाधान गर्न स्थानीय तह सरोकारवाला निकाय तथा कृषकबीच सहकार्य आवश्यक रहेको कार्यालयले जनाएको छ। खोप लगाएपछि केही पशुमा सामान्य ज्वरो आउने वा खोप लगाएको स्थानमा हल्का सुन्निने जस्ता साइड इफेक्ट देखिन सक्ने भए पनि यसले दीर्घकालीन रूपमा रोग नियन्त्रणमा ठूलो योगदान पुर्‍याउने चिकित्सकहरूले बताएका छन्।

# आगलागीबाट उखु जल्यो



टुडे समाचारदाता

मलंगवा । सर्लाहीको दक्षिण-पश्चिम भेगस्थित रामनगर गाउँपालिका-१, महादेव टोलमा आज दिउँसो आगलागीबाट ठूलो क्षेत्रफलमा लगाइएको उखुबाली जलेर क्षति पुगेको छ।

आगलागीमा परेर करिब २० बिघामा लगाइएको उखुबाली जलेर नष्ट भएको किसानले बताएका छन्। तर क्षतिको यकिन विवरण संकलन हुन बाँकी नै छ । जिल्ला प्रहरी कार्यालय मलंगवाका निमित्त प्रवक्ता एवं इन्स्पेक्टर बिशालबहादुर बुढाथोकीले आगलागीबाट पुगेको क्षतिको एकिन विवरण संकलन हुन बाँकी नै रहेको जानकारी दिए। स्थानीय एक किसानले उखु काटेपछि पत्कर जलाउनेक्रममा छेउछाउमा रहेका अन्य करिब १२ जना किसानको खेतमा रहेको उखुमा आगो सल्किएर क्षति पुगेको छ। चिनी मिलमा लगेर बेच्ने बेला भएको उखु जलेर नष्ट भएपछि किसान निराश बनेका छन्।

उखुबारीमा लागेको आगो स्थानीय वासिन्दा र सुरक्षाकर्मी भएर नियन्त्रणमा लिएका छन् । सर्लाहीमा यसअघि गएको मसिर २९ गते गोडैता नगरपालिका-४, रोहुवामा आगलागी हुँदा २० बिघा बढीको उखुबालीमा यसैगरी क्षति पुगेको थियो।

काटिसकेको उखुको पत्कर जलाउनेक्रममा जिल्लामा यसरी पटकपटक आगलागीका घटना बढ्दै गएको छ।

# 'जाउँ है पोखरा' अभियान



टुडे समाचारदाता

वीरगञ्ज । पर्यटकीय नगरी पोखराका पर्यटन व्यवसायीले पोखराको पर्यटन प्रवर्द्धनका लागि 'जाउँ है पोखरा' अभियान वीरगञ्जदेखि शुरु गरेका छन्। होटल संघ पोखराले मंगलबार वीरगञ्जमा पोखराको पर्यटन प्रवर्द्धन गर्दै भारतीय तथा स्वदेशी पहुनालाई पोखरा भ्रमणका लागि अनुरोध गरेका छन्।

होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले सीमावर्ती सहर वीरगञ्जका पर्यटकलाई पोखरा तथा आसपासको सहर भ्रमण गर्न आग्रह गरे । अध्यक्ष सुवेदीले पोखरामा छ खर्बको लगानीमा एक हजार २०० भन्दा धेरै होटल रहेको जानकारी दिए । "पोखरामा एकै दिन ४० हजारभन्दा धेरै पर्यटकलाई आतिथ्य सत्कार दिन सक्ने क्षमता रहेको छ," उनले भने, "पोखरामा मनोरम दृश्य तथा प्राकृतिक सुन्दरता हेर्नका लागि पर्यटकहरुलाई निम्तो गर्दछु।"

टान गण्डकी प्रदेशका अध्यक्ष कृष्णप्रसाद आचार्यले पोखरालगायतका क्षेत्रमा मनोरम हिमालयनका दृश्यावलोकन र ट्रेकिङका लागि उत्कृष्ट गन्तव्य भएकाले पनि आउनका लागि अनुरोध गरे।

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले पोखरामा आतिथ्य सत्कार राम्रो भएकाले पनि सीमावर्ती सहरका पर्यटकको उत्कृष्ट गन्तव्य रहेको बताए। विगतमा मुग्लिन-पोखरा सडकखण्डको दुरावस्था भए पनि अहिले स्थलमार्ग निकै राम्रो भएकाले पनि पर्यटकको आउजाउमा सहज हुने वातावरण भएको छ।

संघका निवर्तमान अध्यक्ष अनिलकुमार अग्रवालले सिमरा र पोखराबीच विगतमा भएको हवाई सेवालाई फेरि निरन्तरता दिनुपर्ने बताए।

जाउँ है पोखरा अभियानअन्तर्गत वीरगञ्ज-विराटनगर-इलाम हुँदै हेटौंडासम्म पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रम रहेको जनाइएको छ।

# रौतहटमा विकासले अब गति लिने संकेत

टुडे समाचारदाता

रौतहट । प्रारम्भिक चरणमा देखिएको ढिलाइपछि पूर्वाधार विकास कार्यालय रौतहटले विकास योजनालाई तीव्रता दिने स्पष्ट संकेत देखाएको छ। चालू आर्थिक वर्षको फागुन मसान्तसम्म पुँजीगत खर्च १५ प्रतिशतमा सीमित रहे पनि अधिकांश योजनाको प्रक्रियागत तयारी सम्पन्न हुने चरणमा पुगेको कार्यालयले जनाएको छ। कार्यालय प्रमुख दिपक कुमार मिश्रका अनुसार प्रदेशस्तरको नीतिगत अन्योलका कारण सुरुआती महिनामा योजना कार्यान्वयन प्रभावित भए पनि अहिले टेन्डर, समन्वय र प्राविधिक तयारीका काम द्रुत रूपमा अघि बढिरहेका छन् । उहाँका अनुसार यसले आगामी महिनामा खर्च दर र कार्य प्रगति दुवैमा सुधार ल्याउने आधार तयार गरेको छ।




चालू आर्थिक वर्षका लागि २ अर्ब १३ करोड रुपैयाँ बजेटसहित ६०० योजना स्वीकृत गरिएकोमा ठूला योजनाहरू क्रमश टेन्डर प्रक्रियामा प्रवेश गरिरहेका छन्। २५ लाखभन्दा माथिका योजनामध्ये आधाभन्दा बढी प्रक्रिया अगाडि बढिसकेको छ भने बाँकी योजनामा सम्बन्धित निकायसँग आवश्यक समन्वय भइरहेको छ।

बहुवर्षीय योजनामा समेत उल्लेख्य प्रगति देखिएको कार्यालयले जनाएको छ । ६० मध्ये ४० योजना कार्यान्वयनमा छन् भने बाँकी योजनामा डिपिआर निर्माण र स्रोत सुनिश्चितताको काम अन्तिम चरणतर्फ उन्मुख छ।

कार्यालयले साना तथा मध्यम योजनामा देखिएको ढिलाइ न्यूनीकरण गर्न स्थानीय तह र उपभोक्ता समितिसँग समन्वयलाई अझ सुदृढ बनाएको छ। साथै पारदर्शिता, गुणस्तर र प्रभावकारितालाई केन्द्रमा राख्दै अनुगमन संयन्त्रलाई सक्रिय बनाइएको छ । कार्यालयका अनुसार अबको अवधिमा योजनाहरू कार्यान्वयन चरणमा प्रवेश गर्ने क्रम बढ्दै जानेछ र यसले समग्र विकासलाई गतिशील बनाउने विश्वास लिइएको छ।

**वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात**

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिकरोजगारविभागबाटलिएकोश्रमस्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरणतालिमलिएकोप्रमाणपत्रकोप्रतिलिपि
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँगगरेकोकरारसम्झौताकोप्रतिलिपि,
- बीमा गराएको कागजातको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,

वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८